# संघीय संसद

# राष्ट्रिय सभा

# बाह्रौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# १० असार २०७९

# शुक्रवार

# बैठक सङ्ख्या- २७

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १३:२१ बजे प्रारम्भ भयो ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, हाम्रो संविधानले सरकारका मन्त्रीहरूलाई सामूहिक र व्यक्तिगत रूपमा सङ्घीय संसदप्रति उत्तरदायी हुने व्यवस्था गरेको छ । सदनमा उपस्थित भई आफ्नो मन्त्रालयसँग सम्बन्धित कार्यसूची अगि बढाउन मद्दत गर्नु, सदनमा उठेका प्रश्नको जवाफ दिनु सम्बन्धित मन्त्रीहरूको जिम्मेवारी हो । लोकतान्त्रिक प्रणालीमा सार्वजनिक जवाफदेहिताको विशेष महत्त्व हुन्छ । तसर्थ, म नेपाल सरकारका मन्त्रीहरूलाई राष्ट्रिय सभाको बैठकमा तोकिएको ठिक समयमा उपस्थित भई सदनमार्फत जनताप्रति जवाफदेही बन्न रुलिङ गर्दछु ।

माननीय सदस्यहरू, विशेष समयमा बोल्नको लागि दलीय आधारमा माननीय सदस्यहरूको नाम प्राप्त भएको छ । अब म माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु ।

माननीय जितेन्द्र नारायण देव । समय १० मिनेट । यसपछि माननीय रामचन्द्र राई ।

**<u>माननीय श्री जितेन्द्र नारायण देव (नेपाली काँग्रेस)</u>**:- सम्माननीय अध्यक्ष महोदय, मैले एउटा कुरा भन्दा अत्यन्त म अलिकति भावुक पनि भइराखेको छु, अलिकति मलाई चिन्ता पनि लागिराखेको छ, अलिकति दुःख पनि लागिराखेको छ । त्यो के भन्दाखेरि हाम्रो राष्ट्रिय राजनीतिको एउटा दुःखद् र चिन्ताजनक एउटा कल्चर के हो भने, संस्कृति के हो भने जुन निर्णय जति बेला हामीले गर्नुपर्छ । हामी निर्णय समयमा गर्दैनौं । र जब समय ढल्किन थाल्छ, मुलुकलाई क्षति हुन्छ, राष्ट्रलाई धेरै क्षति भइसक्या हुन्छ । द्वन्द्वहरू धेरै बढिसक्या हुन्छ । मुठभेडहरू अराजकतातिर गइराखेको हुन्छ । त्यतिबेला चाहिँ हामी निर्णय गर्नेतिर बस्छौं । र भन्ने गरिन्छ कि नेपालमा जहिले पनि निर्णय बेलकाको १२ बजेतिर हुन्छ । लेट निर्णय हुन्छ । यसले गर्दाखेरि मुलुकलाई मैले देखेको मैले आफ्नो ४७, ४८ वर्षको राजनीतिक जीवनमा मैले देखेको यस्तो खालको यो पोलिटिकल कल्चरले नेपाललाई क्षति भ'को छ । डेमोक्रेसीलाई क्षति भ'को छ । संविधानलाई क्षति भ'को छ । मुलुकलाई नै क्षति भ'को छ । त्यसकारण सर्वप्रथम म मुलुकका सम्पूर्ण जिम्मेवार नेताहरूलाई, सम्मानित आदरणीय नेताहरूलाई र मेजर पोलिटिकल फोर्सेसहरूलाई मुख्य राजनीतिक शक्तिहरूलाई यो पोलिटिकल कल्चरबाट अब कम से कम हामी मुक्त हौं । र जुन निर्णय जति बेला गर्नु छ । त्यो निर्णय त्यति बेला नै हामी गरिहालौं । यो कुरा भनेर म आफ्नो कुरा अगाडि बढाउन चाहन्छु ।

र मैले यो कुरा भनिराख्दाखेरि सन्दर्भ के थियो भन्दाखेरि यो संविधान जो हामी सबैले मिलेर बनाएको संविधान हो नेपालको संविधान । यो संविधानभित्रको एउटा विषय भनेको नागरिकताको विषय हो । जुन विषयको बारेमा अहिले धेरै माननीयज्यूहरूले पनि यो गरिमामय सदनमा विभिन्न कोणहरूबाट कुराहरू उठाइसक्नुभा' छ । म यसकारणले पनि यो विषयसँग सम्माननीय अध्यक्ष महोदय, म विशेष रूपमा जोडिएको छु कि म संविधान मस्यौदा समितिभित्रको जुन सचिवालय थियो । त्यो सचिवालयभित्र विभिन्न उपसमितिहरू बनेका थिए र त्यो उपसमितिभित्रको यो नागरिकता र परिभाषा उपसमिति थियो जसको संयोजक मै थिएँ । र मलाई अहिले पनि सम्झना छ सम्माननीय अध्यक्ष महोदय, कति माननीयज्यूलाई यो कुरा थाहा छ वा छैन । देशका कति जनतालाई, कति वुद्धिजीवीहरूलाई यो कुरा थाहा छ कि छैन ? तर म त्यो कुरा आज उद्घाटित गर्न

चाहन्छु कि मलाई अहिले पनि सम्झना भइरा'छ । राज्य व्यवस्था समितिको त्यो हलमा अहिले जे हामीले राष्ट्रिय सहमतिको आधारमा नागरिकतासम्बन्धी जे हामी धारा, उपधाराहरू जे यसमा संश्लेषित गरेका छौं, जे राखेका छौं, समावेश गरेका छौं । यसको ठिकविपरीत मस्यौदा त्यो राज्य व्यवस्था समितिको हलमा आएको थियो । र म धन्यवाद दिन चाहन्छु माननीय कृष्ण सिटौलालाई । उहाँले मलाई यसरी चिमोटेर जितेन्द्रजी गजब किसिमको एउटा मस्यौदा आउँदै छ है, हेर्नुस् है, हेर्नुस् है । तपाईंको समितिअन्तर्गतको यो । त्यो खराब मस्यौदा देशमा आगो लगाउने मस्यौदालाई समर्थन गर्न हुँदैन है । त्यो एतिहासिक कुरा उहाँले मलाई भन्नुभा'थ्यो । र मैले तुरुन्तै त्यो दिन अरू म नभनौं समय छैन । त्यो दिन मैले यस्तो सारा देशका टप लिडरहरू सम्माननीय प्रधानमन्त्री, सम्माननीय पूर्वप्रधानमन्त्री, प्रचन्ड कमरेडलगायतका सम्पूर्ण टप लिडरहरू त्यो कोठामा बसिराख्दाखेरि अवस्था यस्तो भ'को थियो कि मैले भनें कि यदि त्यो मस्यौदा पास गर्ने हो भने यो परिवर्तनप्रति २०६२/६३ सालको जनआन्दोलनप्रतिको ठुलो गद्दारी हुन्छ । मुलुक द्वन्द्वतिर जान्छ । ल बिजयजी, बिजयजीको मैले हात समातें गच्छेदारजीको र मैले भनें निस्कौं । हामीले संविधान नबनाउने अब । उहाँहरूले बनाउनुहुन्छ । म निस्किँदाखेरि अरू नेताहरूले मलाई ट्याक्कै हात समातेर जितेन्द्रजी बस्नुस्, बस्नुस् भनेर बसेर अनि ४३ सालको संविधानको, अन्तरिम संविधानमा जुन नागरकितासम्बन्धी व्यवस्था थियो । त्यो हुबहु त्यो सिनारियोपछि यो आएको हो । त्यो सिनारियोपछि आएको हो यो । यो कुरा म आज यहाँ उद्घाटित गर्न चाहन्छु । र त्यसकारणले यो जे लेखिएको छ नागरिकतासम्बन्धी जे यसमा व्यवस्था गरिएको छ । त्यो राष्ट्रिय सहमतिबाट, त्यो क्रान्तिको उपजको रूपमा, त्यो परिवर्तन त्यो सम्झौं १० वर्षे जनयुद्ध, मधेस आन्दोलन, थारु आन्दोलन, २०६२/६३ को महान् जनआन्दोलन एतिहासिक । त्यसको संश्लेषणको रूपमा निष्कर्षको रूपमा यो आएको छ । त्यसकारणले हामी यसबाट बिमुख हुनुहुँदैन । आज म यही आग्रह गर्न चाहन्छु कि देशका प्रमुख पोलिटकल पार्टीहरूसँग दुइटा काम नगरौं । यो संवेदनशील विषयमा हामी सहमतिबाट अगाडि जाऊँ । र मलाई खुसी छ कि अहिले सहमतिको अवस्था छ । सहमतिबाट अगाडि जाऊँ ।

दोस्रो कुरा के भन्दाखेरि विशेष रूपमा म प्रतिनिधि सभाको त्यो विशेष समितिलाई एउटा जुन यो राज्य व्यवस्था समितिलाई म आग्रह गर्न चाहन्छु कि यसमा जे कुरा लेखिएको छ । त्यसबाट बाझिने गरी, यसमा लेखिएको कुराबाट बाझिने गरी कुनै

कानुनको मस्यौदा तयार नगर्नुस् । त्यसले देशलाई फेरि द्वन्द्वतिर धकेल्ने हुन्छ । धकेल्नेतिर देशलाई धकेल्नेतिर त्यो दुस्साहस हुन्छ त्यो, मुर्खता हुन्छ त्यो । त्यसकारणले यो हाम्रो आधार हो । यो आधारमा हामी यो कानुन चाँडोभन्दा चाँडो कानुन बनाउनेतिर हामी अगाडि जानुपर्दछ । र म खुसी जाहेर गर्न चाहन्छु कि अहिले हाम्रा माननीय गृहमन्त्रीज्यू धेरै दौडधुप गरिराखुभा'छ । कमरेड प्रचन्डदेखि सम्माननीय पूर्वप्रधानमन्त्री केपी ओलीसम्म र अहिलेको सम्माननीय प्रधानमन्त्रीसँग उहाँको दौडधुप चलेर गठबन्धनले एउटा निर्णय गरेको छ कि नागरिकतासम्बन्धी विधेयकलाई अगाडि बढाउने, यो सकारात्मक निर्णय हो । यसलाई म समर्थन गर्न चाहन्छु । मेरा खुसी जाहेर गर्न चाहन्छु । र म सम्माननीय अध्यक्ष महोदयमार्फत यो भन्न चाहन्छु कि चाँडोभन्दा चाँडो यही सदनबाट सरकारले यो नागरिकतासम्बन्धी विधेयक ल्याओस् । जे जेमा मिल्न सकिन्छ, केही कुराहरू बहसको कुरा होला । त्यो गर्दै जाउँला । तर जे जेमा मिल्न सकिन्छ । यो संविधानको रोहमा कसैलाई खुसी पार्नको लागि होइन । यो संविधानमा टेकेर जे जे कुराहरूमा मिल्न सकिन्छ तुरुन्तै ल्याऊँ । र कुनै कुरामा मिल्न नसकिने अवस्थामा त्यस्तो रहेछ भने डिस्कसन गर्दै जाऊँ, छलफल गर्दै जाऊँ । त्यो भोलि फेरि एउटा सहमतिको वातावरण बनाऊँ भन्ने यो सैद्धान्तिक रूपमा यो अपिल म गर्न चाहन्छु ।

बाँकी तीनटा कुराहरू छन्, मेजर रूपमा । जन्मसिद्धका सन्तानहरूलाई नागरिकता दिने कुरा । महिला, यो आमाको नामबाट नागरिकता दिने कुरा, त्योसम्बन्धी दुइटा व्यवस्था यहाँ छ । म पढ्न लागे भने समय हुँदैन, पुग्दैन समय । यो सबैलाई थाहा छ हामी सबैलाई के कुरा हो ? त्यो जोडिएको । र तेस्रो कुरो एनआरएनसम्बन्धी । राजनीतिक अधिकारबाहेक अन्य अधिकारहरू दिने भन्ने सन्दर्भमा । यो तीनटा विषयको बारेमा चाँडोभन्दा चाँडो मस्यौदा सरकारले अहिलेको तलको त्यो विधेयक फिर्ता गरेर अर्को ल्याउने हो कि कसरी मिलाउने ? त्यो प्रक्रियागत कुरा हो । त्यो मिलाएर यही विषयमा यही सदनमा पेस गरेर यसलाई सर्वसम्मतिबाट, म फेरि पनि भन्छु । राष्ट्रिय सुरक्षाको सवाल, परराष्ट्र नीतिको सवाल, जलस्रोतको सवाल र चौथो सवाल भनेको नागरिकताको सवाल । सिटिजनसीपको सवाल । हामी न युके जस्तो हुन सक्छौं । न अमेरिका जस्तो हुन सक्छौं । हाम्रो आफ्नो विशिष्ट एउटा नेपालको जियो पोलिटिकल लोकेसन छ । हामीलाई जनताको समस्या समाधान पनि गर्नु छ । देशलाई बचाउनु पनि छ । दुइटै कुरा है फेरि । देशलाई बचाउने नाममा

जनतालाई भड्काउने, जनताको समस्या समाधान नगर्ने पनि हुन सक्दैन । र जनताको समस्या कथाकथित रूपमा जनताको समस्या समाधान गर्ने सन्दर्भमा राष्ट्रलाई कमजोर गर्ने कुरा पनि हुन सक्दैन । यो दुइटाको बिचमा बहुत optimum level of equilibrium अर्थशास्त्रमा भन्छ । त्यो सन्तुलनको बिन्दु हामीले खोज्नुपर्छ । र त्यो आधार यसले दिएको छ त्यो आधार । यसबाट बेइमानी गर्नु हुँदैन । केही बेइमानी हुन खोजेका थिए । म आफै पनि एक डेढ वर्ष अगाडि यही सदनमा अत्यन्त कडा आक्रमक भएर मैले बोलेको थिएँ। धेरै आक्रामक आज म ऊ गर्छु म जस्तो मान्छे नरम मान्छे । अब कहिले काहीँ म सैद्धान्तिक सवालमा बडा कडा हुँदो रहेछु । म सैद्धान्तिक सवालमा सैद्धान्तमा कडा मान्छे व्यवहारमा बहुत नरम मान्छे हुँ । म अहिले पनि सम्झन्छु त्यति बेला बहुत कडा बोलेको कुरा । कडा किन बोलें भन्दाखेरि यसमा भएको व्यवस्थाको विरुद्धमा बाझिने गरी मस्यौदा तल तयार भ'को थियो । त्यसकारणले । त्यसकारण म अहिले विशेष रूपमा भन्न खोजेको छु यसलाई बाझिने गरी त्यो क्रान्तिप्रतिको गद्धारी हुन्छ त्यो । विश्वासघात हुन्छ । परिवर्तनप्रति विश्वसाघात हुन्छ । यसमा क्लियर कट लेख्या छ । नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिलाले चाहेमा, विदेशी महिलाले चाहेमा सङ्घीय कानुनबमोजिम नेपालको अङ्गित नागरिकता लिन सकिने छ । यसमा यो कन्डिसन त्यो कन्डिसन लगाएर यो नागरिकता विधेयकलाई अड्काएर राख्न मिल्छ ? Is it moral ? त्यसकारणले सम्माननीय अध्यक्ष महोदय, आज म बहुत भावुक भएर र म चाहन्छु हाम्रो पार्टी चाहन्छ नेपाली काँग्रेसले चाहन्छ र म व्यक्तिगत रूपमा पनि एउटा लडेर आएको मान्छे भएको हुनाले म चाहन्छु हाम्रो मुलुक फेरि पनि कुनै पनि किसिमको वर्गीय, जातीय, क्षेत्रीय, लिङ्गीय या अन्य किसिमको द्वन्द्वमा जानुहुँदैन । द्वन्द्वमा गयो भने राष्ट्र हाम्रो कमजोर हुन्छ । नेपाललाई हामी सबैले माया गरेका छौं । नेपाललाई बचाउनुपर्छ । नेपाललाई बचाउने र जनताको समस्या समाधान गरेर एउटा विकसित र समृद्ध नेपालको एउटा सपना साकार गर्ने । त्यसरी हामी अगाडि बढौं । यही आग्रह गर्नका लागि म सम्माननीय अध्यक्ष महोदय, यो देशका तमाम आदरणीय नेताहरूलाई म यो अपिल गर्न चाहन्छु । धन्यवाद ।

<u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय रामचन्द्र राई । समय १० मिनेट । यसपछि माननीय विना पोखरेल ।

<u>माननीय श्री रामचन्द्र राई (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>:- सम्माननीय अध्यक्षज्यू, हिजो म सत्ता पक्षकै माननीय सदस्य साथीसित एकछिन छलफल गर्दै थिएँ । कुराकानी गर्दै थिएँ । उहाँले भन्नुभयो तपाईंहरू जिम्मेवार प्रतिपक्ष तपाईंहरूले सरकारका बारेमा बोल्नुस् न भनेर भन्नुभयो । मैले भनें के बोल्ने भनेर भनेको उहाँले भन्नुभयो सरकारले राम्रो काम गरिराखेको छ राम्रो काम गरेको भनेर बोल्नुस् न तपाईंहरूको जिम्मेवार प्रतिपक्ष भनेर भन्नुभयो । मैले सम्झें उहाँले राम्रो काम गरिरा'छ बोल्नुस् न भनेर भनेपछि सम्झिएँ । के के राम्रो काम गरेछ भनेर यसो यो सरकारको यो एक वर्ष झन्डै बित्यो । यो period मा के के राम्रो काम गरेछ भनेर हेर्दै गएँ । मैले मेरो मानसपटलमा अस्ति भर्खरै बजेट बनाउँदाखेरि गैरजिम्मेवार मान्छे करको दायरा निर्धारण गरिरहँदाखेरि करको दर रेटलाई थपघट गर्ने विषयमा अर्को विचौलिया मान्छे ल्याएर आएर करको दर निर्धारण गर्ने जस्तो विषयमा अर्को मान्छे ल्याएर त्यो निर्धारण गर्ने काममा सहभागी गरायो भनेपछि हो साँच्चै यो चाहिँ राम्रै काम हो ।

मैले भन्दा यो साँचो अर्थमा कर जस्तो विषयमा जसको निर्धारण गरिन्छ । जसको दररेट फेरबदल गरिन्छ त्यसका बारेमा अर्को विचौलियको सहयोगबाट त्यो करको दर निर्धारण गरिन्छ भने त्यो राष्ट्रघात हो । त्यो राष्ट्रघात गर्ने काम यो सरकारले अस्ति भर्खरै गरेको कुरा सम्झिएँ । त्यसपछि सम्झिएँ अस्ति अस्ति यही सदनमा भए बेसकेरी कुरा उठ्यो । मल र खाद्का व्यवस्था भएर अब गत साल ५६ लाख मेट्रिक टन धान उत्पादन भा'को थियो यसपालि त्यो मल र बिउको राम्रो समुचित व्यवस्था नभएकोले गर्दा अब आर्को वर्ष त्यो उत्पादन पनि घट्नेवाला छ । र विश्वव्यापी कोभिड-१९ को लहरले मान्छे आक्रान्त छ । किन्ने क्रय क्षमता छैन । यस्तो बेलामा अब आर्को वर्ष नेपाली नागरिक भोकभोकै बस्न पर्ने हुन्छ । यो पनि राम्रै काम गरेको भएर सम्झें । अनि हिजो भर्खरी एउटा मिडियामा देख्या थिएँ । यता पाटनतिर एकजना को दिपक भट्ट भन्ने विचौलिया व्यापारी छन् अरे । उनका घरमा बेलका बेलका नेपाल सरकारका ठुला भनिने मन्त्रीहरू गएर के के मन्त्रणा गर्छन् रे । त्यसैको उपज हो अरे त्यो पनि । त्यसैबाट विराटनगरमा भएका केही जीआई वायरका उद्योगहरू, वनस्पति घ्यू उद्योग, तेल उद्योग र सेनेटरी प्याडका उद्योगहरू अहिले बन्द हुने अवस्थामा छन् । र ती उद्योगीहरूले हिजो भर्खरी विराटनगरमा उद्योगी र मजदुरहरूले आन्दोलन गरे यो सरकार चाहिँदैन यो सरकार भ्रष्ट हो भनेर सबै सबै राजनीतिक दलका मजदुर सङ्गठनहरूले एक स्वर भएर यो सरकार बेठिक छ यो सरकार राष्ट्रघाती छ । राष्ट्रको

अहितमा काम गर्छ भनेर सडकमा नारा गुन्जाए । यति भएपछि यो सरकार साँच्चै राम्रै काम गरेकै त होला नि । मैले अनि पछि बुझें ।

सत्तापक्षको सांसदहरू नै यो सरकारले राष्ट्रका विपक्षमा गरिरहेका यी राष्ट्रघाती क्रियाकलापहरूले गर्दा उहाँहरू एकदमै एकदमै प्रताडित हुनुहुन्छ । त्यसो भएर आफूले बोल्न नसकेको कारणले गर्दाखेरि व्याङ्गात्मक शैलीमा भए पनि ल न साथी हो यति बोल्दिनुस् भनेर उहाँले उत्साहित गर्नुभएछ भन्ने मलाई लाग्यो म सोझो मान्छे पहिला त साँच्चै राम्रै कुरा भन् भन्या हो कि भने जस्तो लाग्या थियो । पछि मैले बुझें उहाँले यो सरकारले गरिरहेको गतिविधिबाट गठबन्धन सरकारका सहभागी दलहरू नै आतङ्कित हुनुहुन्छ । तर्सिनुभएको छ । र यो सरकारबाट भाग्न पाए हुन्थ्यो निस्किन पाए हुन्थ्यो भनेर पो भनिरहनुभा'को हो कि भन्ने लाग्यो । यो सरकार मूल रूपमा यो सरकार, यो सरकार देख्दैन यो सरकार सुन्दैन । यो सरकार संवेदनहीन छ । यो सरकार भ्रष्ट छ यो सरकार सेटिङमा चल्छ । यो सरकार दृष्टिकोणविहीन छ । सार रूपमा यो सरकार यस्तै छ । मैले त्यसपछि बुझें । कि यो सरकार यस्तो छ । त्यसो भएर गठबन्धन दलकै सांसदहरूले यस्तो कुरा पो गरिरहनुभएको रहेछ भन्ने बुझें । अनि मलाई एउटा कुरा चाहिँ याद आयो । यो गठबन्धनको एउटा अक्षर अगाडि पट्टिको एउटा अक्षर अगाडि पछाडि गरदियो भने यो सरकारको चरित्र ठ्याक्कै मिल्छ भन्ने लाग्यो । त्यसो भएर अब भन्दाखेरि यो गठबन्धनको एउटा मात्रै अक्षर धेरै नचलाउने एउटा अक्षर अगाडिको एउटा अक्षर अगाडि पछाडि गर्दियो भने यो सरकारको चरित्र ठ्याक्कै यसले चाहिँ जे नाम पाउनुपर्ने हो त्यही नाम पाउँछ । त्यस्तो रहेछ । त्यसो त यी सत्ता पक्षकै गठबन्धनका सांसदहरूले भनेपछि मलाई यो सम्झना भयो ।

हामीले हेरिरहेको विषय अहिले अस्ति भर्खरी दुई तीन दिन अगाडि एक जना मन्त्रीले नाम लिनुपरेन । हामी सबैले सार्वजनिक मिडियाबाट सुनेकै छौं । उहाँले एउटा सामान्य नागरिकले म सांसदले होइन; हामी सांसदले होइन एउटा सामान्य नागरिकले पनि मान्छेको अगाडि समुदायको अगाडि अभिव्यक्त गर्न सक्ने शब्दहरू प्रयोग गर्नुभयो त्यो पनि टुलटुल हेरेर बसेकै छ सरकार । त्यसको दलको नेतृत्वले पनि उसलाई चेन्ज गर्नुपर्छ भनेर भन्दैन । भन्दा नि हट्न सक्दैन । उहाँले यो पटक पहिलोपल्ट भन्नुभएको होइन । उहाँले अलि अगाडि २/५ महिना अगाडि पनि एकचोटि एउटा भाइलाई जो बम्बईमा बस्थें उनलाई यसै गरी धम्काएको, थर्काएको मिडियामा आएको थियो । हामीले भिडिओ रेकर्ड नै सुनेका थियौं । त्योबेला पनि केही पनि गरिएन । भनेसकेपछि

यो सरकार साँच्चै नालायक छ । यो सरकार साँच्चै जनताको उत्तरदायित्वबाट भाग्छ । यो सरकारले जनताको हित गर्न होइन । यो त्यही एउटा अक्षर तलमाथि नमिल्दाखेरि त्यो अगाडि पछाडि गर्दाबित्तिकै मिल्ने गरी मात्रै यो व्यवहार गर्छ । त्यसो भएकोले अहिले आजका दिनमा आजका दिनमा यो सरकारको सामु धेरैओटा जिम्मेवारी छन् ।

अगि भर्खरी माननीय जितेन्द्र नारायण देवले नागरिकताको कुरा गर्नुभयो । पूर्ववर्ती सरकार जसको नेतृत्व नेकपा एमालेको नेता अध्यक्ष केपी ओली प्रधानमन्त्री केपी ओलीले गर्नुहुन्थ्यो । उहाँको पालामा नेपाली नागरिकको संविधानको विषय बडो पेचिलो भएर गएको छ । यसलाई सम्बोधन गर्नुपर्छ र नागरिकहरूलाई आफ्नै मुलुकभित्र गैरनागरिक भएर बस्नपर्ने स्थितिबाट मुक्त बनाउनुपर्छ भनेर सरकार नहुँदा अध्यादेशबाट नागरिकता विधेयक ल्याउनुभा'को थियो । सरकारको यो गठबन्धनको एउटा अक्षर तलमाथि गरेर बुझ्नुपर्ला । यो सरकार बन्यो यसले त्यो विधेयकलाई मात्रै own गर्दिएको भए पनि आजका दिनमा नागरिकताविहीन नेपाली नागरिककै छोराछोरी, नेपाली नागरिकहरू अनागरिक भएर गैरनागरिक भएर नेपालमा बस्नु पर्दैन्थ्यो । यसले गैरनागरिक भएर मात्रै केही तल बसेका छैनन् । उनका यावत् दैनानुदिन समस्याहरू आज पनि समस्या छ । विदेशमा पढ्न जान पाएको छैन । पढिसक्यो जागिर खान पाएको छैन । व्यापार गर्नुलाई उसले आधार चाहिन्छ । त्यो आधार पनि छैन । अर्थात् नेपालभित्र बसेर आफ्नै मुलुकमा बसेर विदेशीसरह उनीहरूले बडो पीडाका साथ हामी सबैको मलाई लाग्छ हामी सबै सांसदको सबै माननीयज्यूहरूको मोवाइलमा यो म्यासेज आइरहेकै होला । कि हामी साँच्चै नेपालभित्रै बा नेपाली हुनुहुन्छ आमा नेपाली हुनुहन्छ । म चाहिँ गैरनेपाली छु ।

त्यसो भएर हामीलाई नागरिकता दिने र हाम्रो सुदुर भविष्य व्यवस्थित गर्नको लागि हामीले केही गर्नपर्छ, पढ्नपर्छ व्यवसाय गर्नपर्छ त्यो वातावरण खोल्दिनुस् तपाईंहरूले । यो जिम्मेवारी त सांसद भइसकेपछि यो जिम्मेवारी त निर्वाह गर्दिनुस् भनेर सबैको मोवाइलमा एक पटक होइन पटक पटक म्यासेजहरू आइरहेका छन् । यो अवस्था हुँदैन्थ्यो । ढिलै भए पनि गृह मन्त्रालयले यो अभ्यास गरेछ धन्यवाद भन्नपर्छ । अगि माननीयज्यूले भन्नुभएको छ साँच्चै यसै गरी संविधानसँग कन्ट्र्याडिक ड्रिक नहुने गरी संविधान जसो गरी हामीले हिजो यो साझा समझदारीको डकुमेन्ट पनि हो संविधान । यो साझा समझदारी डकुमेन्ट हो भनेपछि तिनै साझा समझदारी डकुमेन्ट बनाउने मान्छेहरू नै अहिले यो सदनमा छौं । भनिसकेपछि त्यसको सार रूपमा त्यसको

मूल मन्त्रलाई यताउता नहुने गरी संविधान बनाउन सकियो भने नेपालीका छोराछोरी गैरनेपाली भएर बस्नुपर्दैन । उनीको भविष्य सुरक्षित गराउने काममा उनीहरू अगाडि जान सक्छन् । यति कुरा राख्दै मैले आफ्ना कुरा टुङ्ग्याएँ । हवस् धन्यवाद ।

<u>पीठासीन</u>:- माननीय श्री अनिता देवकोटा ।

<u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय विना पोखरेल । समय ७ मिनेट । यसपछि माननीय राजेन्द्र लक्ष्मी गैरे ।

<u>**माननीय श्री विना पोखरेल (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**</u>:- अध्यक्ष महोदय, मनसुन सक्रिय भएको र देशभर अधिक वर्षा हुन थालेको छ । भल बाढी र पहिरोले धनजनको क्षति भइरहेको समाचार दिनहुँ आउन थालेका छन् । मौसमविद्हरू अहिले अगिल्लो वर्षभन्दा यो वर्ष ५० देखि ७० प्रतिशतभन्दा बढी पानी पर्ने अनुमान गरिरहेका छन् । गएको वर्ष १८ लाख मानिस बाढी पहिरोको विपत्बाट प्रत्यक्ष प्रभावित भएका थिए । यो वर्ष २१ लाख मानिस प्रभावित भई उक्त सङ्ख्यामा ३ लाखले वृद्धि हुने अनुमान जोखिम न्यूनीकरण प्राधिकरणले गरेको छ । घर डढेर खरानी भइसकेपछि मात्र कुवा खन्ने नेपाली परम्पराले निरन्तरता पाउने हो कि उद्धार र राहतसम्बन्धी सरकारको पूर्वतयारी यथेष्ट छ ?

अध्यक्ष महोदय, वर्षासँगसँगै धान खेतीको सुरुवात भएको छ । तर रासायनिक मलको भने हाहाकार छ । खेतीपातीको सिजन हुन सुरुभन्दा अगाडि नै आवश्यक मात्रामा मल ल्याएर भण्डारण गर्ने र किसानले सहज ढङ्गले प्राप्त गर्न सक्ने गरी बिक्रीवितरणको व्यवस्था मिलाउनेतर्फ कहिल्यै हाम्रो ध्यान जान सकेन । किसानहरू आन्दोलन गर्ने, किसानहरू आन्दोलन गर्न थालिसके । खेती गर्ने समयमा सडकमा आई किसानले आन्दोलन गर्न बाध्य भएपछि कसरी हाम्रो उत्पादन बढाउने लक्ष्य पूरा हुन्छ त ? अध्यक्ष महोदय, अलि अलि भएको मल पनि अभाव देखाएर कालो बजारी गरिन्छ । अनि बढी मूल्यमा खरिद गर्ने किसानलाई बाध्य बनाइन्छ । कालो बजारिया, तस्कर र कमिसनखोरको जालो तोड्न नसक्दा पनि सधैं यस्तो अवस्था भइरहेको त होइन ? म

सरकारसँग प्रश्न गर्न चाहन्छु र अविलम्ब किसानलाई मल उपलब्ध गराउने उपायको खोजी गर्ने पनि माग गर्दछु ।

अध्यक्ष महोदय, बजार भाउ ह्वात्तै बढेको छ । नयाँ बजारमार्फत सबै नयाँ बजेटमार्फत सबै राष्ट्रसेवक कर्मचारी तथा सुरक्षाकर्मीहरूको तलब बढ्यो भन्ने कुरा सुन्नासाथ दैनिक उपभोग्य वस्तुको बजार भाउले आकाश छुने गरेको छ । अहिले फेरि त्यही कुरा आएको छ । सर्वसाधारण जनताले खाद्यान्न, तरकारी, फलफूल, तेल, नुन, चिनीलगायतका खाद्य वस्तुको मूल्य सुन्नासाथ तर्सिनुपर्ने अवस्था बनेको छ । तर उत्पादनकर्ता किसान स्वयम्ले भने आफ्नो पसिनाको उचित मूल्य कहिल्यै पाउन सकेनन् । विचौलियाबाट मूल्य निर्धारण हुन्छ र विचौलियाले नै छनोट छोटो समयमा अकूत सम्पत्तिको मालिक बन्छन् । आफूले उत्पादन गरेको वस्तुको उचित मूल्य आफैले निर्धारण गर्ने दिन कहिले आउने हो ? र आफ्नो श्रमबाट उत्पादनकर्ताले यथोचित लाभ लिएको अनुभूति गर्न पाउने हुन् ? यो स्थितिमा देश कहिले जान्छ सरकार ? सामाजिक न्यायसहितको आर्थिक समृद्धि हासिल गरेर समाजवादको दिशातर्फ देशलाई लैजाने हाम्रो नारा होइन र ? होइन र ?

अध्यक्ष महोदय, अहिले किसान मात्र आन्दोलनमा छैनन् । विद्यार्थी, मजदुर पनि आन्दोलित हुँदै छन् । यातायात व्यवसायहरू पनि आन्दोलन सुरु गर्दै छन् । हवाई यातायात पनि झन्डै बन्द भयो । पेट्रोल, डिजेल र हवाई इन्धनको मूल्य फेरि घटाइयो । मूल्य बढ्ने कुराको कुनै समय सीमा नै रहेन । दुई दिन अगिदेखि अभाव सृजना गरियो । अनि मूल्य बढाइयो । यो वर्ष मात्रै इन्धनमा मूल्य बढाइएको पन्ध्रौं पटक भइसक्यो । प्रतिलिटर २०/ २५ रुपैयाँ बढ्यो । आन्दोलन सुरु हुन्छ । अनि ४/५ रुपैयाँ घटाइयो । कस्तो नाटक हो यो हाम्रो ? आयल निगम प्राय सधैं घाटामा भएको कुरा सुनिन्छ तर निगमका कर्मचारी भने बोनस खाएर सधैं नाफामा । घाटा भएपछि बोनस खाने कुरा कसरी हुन्छन् ?

अध्यक्ष महोदय, पट्रोलियम पदार्थ आयात गर्ने कुराको विकल्पमा सरकार गम्भीर भएर लाग्न सकेको छैन । भनिन्छ हाम्रो देशमा १०/१० ओटा पेट्रोलियम पदार्थका खानीहरू छन् । बल्ल बल्ल दैलेखतर्फ अलिकति ध्यान गएको होला । तर अरू खानीहरूको उत्खनन्मा सरकारको ध्यान खोइ ? बोनस र कमिसनको चक्करमा रमाउनेहरूको खेलको कारण यस्तो भएको होइन ? कति वर्ष भइसक्यो अन्वेषण गरी

योजना बनाउन थालेको ? कि हाम्रा योजना देखाउन र प्रचार गर्नका लागि मात्र बन्दछन् ?

अध्यक्ष महोदय, मैले उठाएका यी विषयहरूमा सरकारले गम्भीरतापूर्वक ध्यान दिओस् । र जनताले यो सरकार, राष्ट्र र जनताप्रति पूरै उत्तरदायी छ भनेर भन्न सकुन् साथै अभावका बेला र सङ्कटका बेला सधैं सरकार साथमा छ भन्ने भनेर ढुक्क हुने वातावरण बनोस् ।

अध्यक्ष महोदय, (अलिकति थोरै समय दिनुहोला ।) विदेशबाट आउने कच्चा पदार्थमा गरिएको भन्सार शुल्क वृद्धिले देशभरका १५ ओटा वायर उद्योग बन्द हुने अवस्थाले विराटनगरका उद्योगीहरूको मागको सम्बोधन गरियोस् भन्दै म बिदा हुन्छु । हवस् त, धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय राजेन्द्र लक्ष्मी गैरे । समय १२ मिनेट । यसपछि माननीय सुरेश कुमार आलेमगर ।

**माननीय श्री राजेन्द्र लक्ष्मी गैरे (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्ष महोदय, आज म केही चर्चा परिचर्चा भइरहेका विषयहरूमा नै आफ्नो धारणा राख्न चाहन्छु । हामीले अहिले एउटा कुरा सुनिरहेका छौं । यो २० वर्ष विवाह गर्ने उमेर राखिएको चाहिँ बेठिक भयो हाम्रो सामाजिक चलनचल्ति परम्पराअनुसार अप्ठ्यारो पऱ्यो भनेर चाहिँ चर्चा चलेको मैले सुनें । यो २० वर्षको उमेर राख्नको निम्ति हामीले जीवनमा धेरै रगत र पसिना बगाएर यहाँसम्म ल्याइपुऱ्याएको हो । अहिले पनि हामीले गाउँघरमा चलनचल्तीमा हेऱ्यो भने बालविवाहहरू भएका छन् । नभएको होइन । तर बालविवाह हुँदाखेरिमा महिलाहरूको आफ्नो एउटा विकास नहुँदै विवाह हुने उनीहरूले पढाइ पनि पूरा गर्न नसक्ने, उनीहरूले घरको जिम्मेवारी पनि लिन नसक्ने र उनीहरूले आय आर्जन गर्ने सिपहरू पनि सिक्न नसक्ने त्यो बेलामा बालबालिकाको विवाह हुने घरको बाउआमासँग परनिर्भर भएर उनीहरूले एउटा घरको बुहारी छोराको जिन्दगी बिताउँदाखेरिमा धेरै समस्याहरू आएको कारणले हामीले छोराछोरीलाई बराबरी गर भन्ने हामीले आन्दोलन चलायौं । र छोरीको विवाह २० वर्ष नपुगी नगरौं भन्ने पनि हामीले थुप्रै आन्दोलन हामीले संयुक्त रूपमा महिलाहरूले आन्दोलन गरेका थियौं र यो

आन्दोलनको उपलब्धिको रूपमा २०७२ को संविधान जारी हुँदा यो २० वर्षको जुन पुरुष र महिलाको उमेर राखिया'छ यो उमेर हाम्रो उपलब्धि हो । हाम्रो सङ्घर्षको उपलब्धि हो । यो उपलब्धिलाई हामीले रक्षा गर्नुपर्छ । अप्ठ्यारो होलान् हाम्रा संस्कारहरूले हामीलाई अप्ठ्यारो पारेका होलान् । तर चाहे तराइको चेली होस् चाहे पहाडको चेली होस् । चाहे छोरा होस् चाहे छोरी होस् । त्यो महिलाहरूको सबैको जीवन उस्तै खालको हुन्छ । कोही परिपक्व हुने र कोही अपरिपक्व हुने हुँदैन । त्यसो भएर यो हाम्रो चेतनाको स्तरको कुरा हो । जहिलेसम्म हाम्रो छोरी आफ्नो जिम्मेवारी बहन गरेर आफ्नो खुट्टामा बाच्न सक्ने हुँदिनन् त्यहिलेसम्म हामीले विवाह गर्दिनु हुँदैन भन्ने कुरा हामी अभिभावकहरूले लिनुपर्ने भएको हुनाले माननीयज्यूहरूलाई पनि म ध्यान आकर्षण गर्न चाहन्छु । जुन कुरा हामीले ७२ को संविधानमा ल्यायौं यसलाई हामीले संस्थागत गरेर नै अगाडि बढ्नको निम्ति हामी सम्बन्धित मन्त्रालयको सम्बन्धित मान्छेहरूको ध्यान आकर्षण गरौं भन्ने कुरा चाहिँ म राख्न चाहन्छु ।

साथै हामीले महिलाको हकमै हामीले चाहे बालविवाह, बहुविवाह अनमेल विवाह जति जबरजस्तीका बलात्कारको होइन वैदेशिक रोजगारीको विवाह जे जति विवाहहरू छन् त्यसलाई हामीले हिंसाको रूपमा नै राखेका छौं र त्यो हिंसा हो र त्यसलाई बदर गर्न सकिन्छ भन्ने कुरा हामीले राखेको हुनाले यो हिंसाको कुरालाई पनि हामीले ध्यान दिएर हामी यो कुराको यो सङ्घर्षले हामीले उपलब्धिलाई हामी रक्षा गर्नुपर्छ भन्ने कुरा म राख्न चाहन्छु । र एउटा सबै ठाउँको महिलाहरूको समस्या उस्तै हुने भएको हुनाले म यो यहाँहरूको बिचमा राखेको मलाई एउटा सानो याद छ, सम्झना छ । १७ वर्षको छोरीले अनि गाडीमा बच्चा राखेर चाहिँ स्कुलमा खेल्न आउथ्यो । अनि किन खेल्न आएको नानी तिम्रो बच्चा रोला नि भन्दा मलाई पनि त खेल्न मन लाग्छ नि मेरो साथीहरू पढ्दै छन् भन्थ्यो । त्यसो भएको हुनाले बालबालिकाको सानोमा विवाह हुँदा उसको साथीहरू त पढ्दै हुन्छन् नि । साथीहरू जस्तै त उसलाई पनि हुन मन लाग्छ नि । यो हिसाबले हामीले चेतनाको स्तरलाई हेर्नुपर्दछ । यो हिसाबले लिनुपर्दछ भन्ने कुरा म राख्न चाहें ।

र हामी हाम्रो पार्टी सरकारमा छ हामी सरकारमा छौं भन्दैमा हामी जनताका प्रतिनिधिहरू गैरजिम्मेवार पनि हुन सक्दैनौं । त्यसो भएको हुनाले अहिलेको जुन मूल्यवृद्धिको कुरा उठेको छ । यसले साँच्चिकै नेपाली जनतालाई हाहाकार बनाएको छ । कुन नेपाली जनताको मुक्तिका निम्ति नेपाली जनताको निम्ति हामी काम

गर्दैछौं । सरकार काम गर्दै छ मन्त्रीहरू काम गर्दैछम् भने अहिलेको यो मूल्य वृद्धिलाई कसरी न्यूनीकरण गर्न सकिन्छ । substitute कसरी जनतालाई दिन सकिन्छ यो क्याबिनेटको बैठक बसेर अथवा कहाँबाट चाहिँ यो कुरा गर्न सकिन्छ यो हामीले गर्नुपर्ने हुन्छ । नेपाली जनताप्रति हामी उत्तरदायी हुनुपर्दछ र हामी सरकारमा भए पनि प्रतिपक्षमा भए पनि आम नेपाली जनतालाई परेको दुःख र मर्कामा आवाज उठाउन सकेनौं भने त्यो निरही नै हो । त्यसो भएको हुनाले सरकारमा हुँदा या नहुँदा सत्य कुरा बोल्नुपर्दछ । यो जनताको निम्ति मूल्य वृद्धि जुन कठिनाइ भएको छ यसलाई सरकारले ध्यान दिनुपर्दछ भन्ने कुरा म राख्न चाहन्छु ।

र हामी यहाँ काठमाडौंमा बसिरहँदा काठमाडौंको भूकम्पको कुरा त छँदै थियो । काठमाडौंको फोहोरको कारणले गर्दा अहिले हैजा पनि फैलिएको छ । अहिले यो काठमाडौंको हैजा कस्तो खाले हुन्छ मलाई त थाहा छैन । म पहाडको छोरी । हाम्रो पहाडमा त हैजा लागेपछि मान्छेको उपचार गर्न पनि नसकिने मान्छेलाई बचाउन पनि नसकिने समस्या हुन्थ्यो । अहिले त धेरै उपचार हुन्छ होला । तर पनि यो लागेपछि बचाउन गाह्रो चिज छ । त्यसो भएको हुनाले यो सरुवा पनि छ । यो कुरालाई हामी मौन बस्यौं भने यो कुरालाई हामीले ध्यान दिएनौं भने हामी तपाईं हामी बसेकै टोलमा छरछिमेकमा जसको मा पनि आउन सक्छ । कसैकोमा आउने कसैको मा नआउने भन्ने हुन्न । जसकहाँ आए पनि नेपाली जनताकामै आउँछ । त्यसो हुनाले नेपाली नागरिकलाई कसरी सुरक्षित गर्नुपर्छ भन्ने कुरामा यो झाडापखाला, हैजाको जुन माहामारीको कुरा आ'छ यसमा योजना बनोस् भनेर म ध्यान आकर्षण गर्न चाहन्छु ।

र यसभन्दा अगाडिका माननीयज्यूहरूले पनि उठाउनुभयो नागरिकताको कुरा । म पनि उठाउन चाहन्छु । आमाको नामबाट आमा वा बाबा जो भए पनि आफ्नो सन्तानलाई नागरिकता दिन सकिने कुरा हाम्रो ७२ को संविधानमा छ । तर कानुन बन्या छैन भनेर अहिलेसम्म जिल्ला प्रशासनबाट आमाको नामबाट नागरिकता लिने कुरामा महिलाहरूले धेरै ठाउँमा लडाइँ गर्नुभा'छ । दुई तीन ठाउँमा लिनुभयो भन्ने हामीले सुनेका छौं । जिल्ला प्रशासनबाट सिडिओ कार्यालयबाटै यो नागरिकताको काम चाहिँ अहिलेसम्म हुन सक्या छैन । यति सानो आफ्नो सन्तानलाई आफ्नो आमाले नागरिकता दिने कुरालाई पनि कसलाई घाटा हुन्छ ? किन यो बन्दैन ? किन रोकिन्छ ? यो त धेरै सानो कुरा हो । यो यति हामीले लेखेको कुरा कार्यान्वयन गर्न पनि लामो समय लगायौं भने नेपाली जनताप्रति हामी कति उत्तरदायी हुन सक्छौं भन्ने कुरा हो ।

त्यसो भएको हुनाले आमाको नामबाट जुन सन्तानलाई नागरिकता दिने कुरा यो चाहिँ छिटोभन्दा छिटो कार्यान्वयनमा आओस् भनेर म ध्यान आकर्षण गर्न चाहन्छु ।

र अर्को कुरा हाम्रो संविधानमा हाम्रो हकमै लेखेको सबै जिल्लाहरूमा चाहिँ महिलाहरूलाई संरक्षण केन्द्र अथवा परामर्श केन्द्र बनाउने भन्ने कुरा चाहिँ थियो । र यो कतिपयलाई छैन आवश्यक छैन भन्ने पनि लागेको होला । कतिपय ठाउँहरूमा महिलाहरू पहाडबाट तराई आउने तराईबाट पहाड आउने आउने जाने क्रममा कतिपय मान्छेहरू बिच पर्ने त्यस्तो बेलामा नजिकको प्रहरी कार्यालयहरूले उनीहरूलाई रेखदेखमा राख्दा उनीहरूसँग राख्ने ठाउँ पनि छैन । यस्तो बेलामा धेरै महिलाहरू अलपत्र पर्नुभ'को महिला पुरुषले आफ्नो कोठामा लगेर नै राख्नुपर्ने महिलाहरूलाई राख्नुपर्ने यस्तो खालको बाध्यता पनि रहेको छ । र त्यसो भएको हुनाले हरेक जिल्लामा मैले हाम्रो जिल्लाको कुरा गर्दिन । सबै जिल्लामा महिलाहरूको निम्ति एउटा संरक्षण आवासको केन्द्र भयो भने महिलाहरूलाई आपत परेको बेलामा हामीले त्यहाँ राख्न पनि सक्छौं र उहाँहरूलाई दिनुपर्ने परामर्शहरू पनि हामी दिन सक्छौं । उहाँहरूलाई आफ्नो सुरक्षित तरिकाले आफ्नो घरसम्म पनि हामीले पुऱ्याउन सकिन्छ । यसो भएको हुनाले यो कुरा चर्चा चलेको बनाउने भनेको meeting हरू भएको कार्यान्वयनमा नआएको विषय हो । त्यसो भएको हुनाले यो अति आवश्यक छ महिलाहरूको निम्ति । सबै जिल्ला तहमा यसलाई कार्यान्वयनमा ल्याऊँ भनेर म अनुरोध गर्न चाहन्छु । मन्त्रालयको ध्यान आकर्षण गर्न चाहन्छु ।

र हामीले यसरी राजनीति रूपमा अहिले हामीले यो यति धेरै छलफलहरू, कुराहरू गरिरहँदा एउटाको मनमा आर्काको मनमा धेरै आशङ्काहरू फैलिएको जन्मिएको देख्दा हामीलाई आश्चर्य लाग्छ । हामी नेपाली भएर जन्मिएपछि यो राष्ट्रको हितको निम्ति हामी जन्मेका नेपाली जनताका निम्ति काम गर्छौं भनेका मान्छेहरूको बिचमा यो धेरै थरीका कुराहरू आउँछ । मूल्य वृद्धिमा तेलको मूल्य वृद्धिमा पनि मान्छेहरूले कमिसन खाएर अनि घाटा गएको भनेर यहाँ कुराहरू आउँछ । यस्तो खालको कुराहरू हामी किन नियन्त्रण गर्न सक्दैनौं ? किन मुखदर्शक भएर बस्छौं ? यस्तो विषय हो भने हामी सबै जना एकै ठाउँमा उभिएर यो विषयमा वकालत गर्न किन सक्दैनौं यस्तो खालको issue हरूमा हामी एक ठाउँमा उभिएर राष्ट्रको हितमा, जनताको हितमा वकालत गरौं भन्न चाहन्छु र धेरै कुराहरू नभनिकन हामी अहिले यहाँ उभिरहँदा हाम्रो सामु हामीले जनताका पक्षमा ल्याएका योजनाहरूलाई समृद्ध बनाएर लैजानुपर्ने कुराहरू

छन् । ती कुराहरूलाई पनि धेरै ओझेलमा पारेको देखिन्छ । हामीले छिटोभन्दा छिटो जनताको पक्षमा भएका योजनाहरूलाई हामी कार्यान्वयन गर्नको निम्ति एकजुट भएर अगाडि बढ्नुपर्ने आजको आवश्यकता छ । यही कुराहरू राखेर म आफ्ना भनाइ अन्त्य गर्न चाहन्छु । धन्यवाद ।

<u>**सम्माननीय अध्यक्षः**</u>- माननीय सुरेश कुमार आलेमगर । समय ७ मिनेट । यसपछि माननीय डा. विमला राई पौडयाल ।

<u>**माननीय श्री सुरेश कुमार आलेमगर (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)ः**</u>- सम्माननीय अध्यक्ष महोदय, देशमा यतिबेला वर्षात्को मौसम छ । मनसुन नेपालमा पनि प्रवेश गरिसकेको छ । यसले कतिपय ठाउँमा विध्वंस मच्चाइसकेको छ भने कतिपय ठाउँमा विध्वंस मच्चाउनेवाला छ । यो बारेमा एकजना पूर्ववक्ता माननीयज्यूले पनि प्रसस्त प्रकाश पारिसक्नुभएको छ । यसै सन्दर्भमा म पनि केही कुरा राख्न चाहन्छु, मनाङ जिल्लाको । म गण्डकी प्रदेशको जनप्रतिनिधिहरूद्वारा निर्वाचित एउटा प्रतिनिधि भएको र मनाङ जिल्लाको यो राष्ट्रिय सभामा कुनै प्रतिनिधि नभएको हुनाले म यो कुरा राख्न चाहन्छु । गत वर्षको बाढीले मनाङ जिल्लालाई तहसनहस बनाएको थियो, सिन्धुपाल्चोकलाई जस्तै र त्यसलाई सङ्कटग्रस्त जिल्ला पनि घोषणा गरिएको थियो । तर सरकारले त्यसतर्फ त्यस्तो कदम चालेको छैन । र त्यहाँ अझै पनि स्थिति भयावह नै छ । र अस्तव्यस्तको स्थिति नै छ । त्यसैले त्यो मनाङ जिल्लामा तुरुन्त केही कार्य गर्नका लागि, त्यो अस्तव्यस्तलाई अन्त्य गर्नका लागि, आगमन आदि, इत्यादिलाई सहज बनाउनका लागि म सरकारको ध्यानआकर्षण गराउन चाहन्छु, सम्माननीय अध्यक्ष महोदयमार्फत । त्यसै गरी तनहुँ जिल्लाको आबोखैरेनी गाउँपालिकाको दुई नम्बर वडा एक्ले फाँटमा जहाँ मर्स्याङ्दी जलविद्युत् परियोजना छ, त्यो मर्स्याङ्दी नदीले त्यो एक्ले फाँटको क्षत्रलाई पनि कटौती गर्दै लगेको छ र त्यो किनारामा बसोबास गरेका मान्छेहरूको होटेल, घर आदि, इत्यादिलाई बगाउने, नष्ट गर्ने स्थति छ । त्यसैले त्योतर्फ पनि सरकारको ध्यान जाओस् भनेर आग्रह गर्न चाहन्छु ।

त्यसै गरी, त्यही गाउँपालिकाको तनहुँ जिल्लाको आँबुखैरेनी गाउँपालिकाको ४ नम्बर वडाको डम्पिङ भन्ने ठाउँमा अस्ति भर्खर त्यो मर्स्याङ्दी नदीले सडकको केही भाग

क्षतिग्रस्त बनाएर केही समय त आगमन नै बन्द भएको थियो । तर अहिले जेनतेन त्यहाँ आगमन सुचारु गरिएको छ । त्यहाँ पनि यो सरकारले ध्यान दिओस् भनेर माग गर्न चाहन्छु ।

त्यसै गरी तनहुँ जिल्लाकै भानु नगरपालिका वडा नम्बर ६ मा चुदिबरा कुलोमा पनि त्यसले धेरै नोक्सान पुऱ्याएको छ । चुदिबरा कुलो हुनत यो कुरा मैले पहिला पनि राखेको थिएँ । अहिले पनि म दोहऱ्याएर भन्न चाहन्छु । किनकि त्यहाँ केही कुनै कदम चालिएको छैन र त्यसले अझै पनि समस्या पार्नेवाला छ । त्यो भानु नगरपालिका वडा नम्बर ६ को चुदिबरा कुलोको केही महिना अगाडिको बाढीले बाँध पनि बगाइदियो, कुलो पनि भत्काइदियो, केही खेत पनि बगाइदिसकेको अवस्था छ । त्यसैले त्यहाँ पनि सरकारले केही कदम चालोस् भन्ने कुरा म राख्न चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, महङ्गी, महङ्गीले जनताको ढाड सेकिसकेको छ । केही दिन अगाडि माननीय मन्त्रीज्यूले सरकारको प्रतिनिधित्व गर्दै केही कुरा राख्नुभएको छ । त्यो बारेमा कारण प्रष्ट राख्नुभएको छ । त्यो ठिकै छन् । तर जनतालाई राहात, जनतालाई सुविधा हुने कुरा अझै पनि आएको छैन । त्यो बारेमा पनि म ध्यानआकर्षण गर्न चाहन्छु । र नागरिकता विधेयक, सम्माननीय अध्यक्ष महोदय, नागरिकता विधेयकको बारेमा म पनि जोडदार रूपमा के भन्न चाहन्छु भने यो नागरिकताको समस्या समाधान गरियोस् । विधेयकलाई यही सदनमा यसै पटक यसलाई ल्याएर पास गरियोस् । र सहमतिका आधारमा अगाडि बढाइयोस् किनभने नागरिकता भन्ने कुरा धेरै संवेदनशील र गम्भीर कुरा हुन्छ, महत्त्वपूर्ण कुरा हुन्छ । कुनै पनि नागरिक राज्यविहीन, त्यसै गरी नागरिकताविहीन रहन सक्दैन । धेरै समस्याहरू उसले झेल्नुपर्ने हुन्छ । त्यसैले यो नागरिकताको विधेयक पनि ल्याइयोस् भन्ने कुरा म राख्न चाहन्छु र आमाको नाममा नागरिकता दिने कुरालाई पनि म पनि जोडदार रूपमा समर्थन गर्न चाहन्छु । र अगि एकजना माननीयज्यूले भन्नुभयो किन यस्तो गाह्रो परेको होला ? माननीयज्यू, मसँग त्यसको जवाफ छ । त्यसको जवाफ के हो भने यो समाज पुरुषप्रधान समाज हो, पुरुषवादी समाज हो, पितृसत्तावादी समाज हो । त्यसकारणले यसले बुवाको नाममा नागरिकता दिनमा कुनै कन्जुसाइँ हुँदैन । तर आमाको नाममा नागरिकता दिनमा उसले कन्जुसाइँ गर्छ । त्यसकारणले यो चिन्तनका विरुद्ध यो पुरुषवादी चिन्तनका विरुद्ध तपाईंहरू लड्नुस् म पनि तपाईंहरूको साथमा छु भन्ने कुरा राख्न चाहन्छु ।

र मेरो प्रस्तुतिको अन्त्य, अन्त्यमा के भन्न चाहन्छु भने प्रतिपक्ष माननीयज्यूहरूको कुरा सुन्दा उहाँहरूको कल्पनाशीलता, उहाँहरूको सिर्जनशीलता देखेर मलाई चाहिँ बडो रमाइलो लाग्यो । उहाँहरूको तारिफ गर्न मन लाग्यो । हुँदै नभएका कुरा, कतिपय आधारहीन कुरा जोडपोड कुरा, एउटा प्रसङ्गमा भनेका कुरालाई अर्को प्रसङ्गमा लगेर जोड्दिने कुरा यो देख्दा उहाँहरूको कल्पनाशीलता, उहाँको सिर्जनाशीलता देखेर मलाई उहाँको धेरै उच्च सराहना गर्न मन लाग्यो । वा ! वा ! क्या बाद । भन्न मन लाग्यो । माननीयज्यूहरूलाई बोल्न त रोक्ने कुरा त भएन, रोक्न पनि मिलेन । त्यसैले नोबल पुरुस्कार दिन भएन । नबोल पुरुस्कार दिने हो कि पनि भन्न मन लाग्यो । यिनै कुराहरू मैले राखें । र यिनै कुराहरू राखेर मैले आफ्नो भनाइलाई यहीँ बिट मारेँ । धन्यवाद ।

<u>**सम्माननीय अध्यक्षः**</u>- माननीय डा. विमला राई पौडयाल । समय ५ मिनेट । यसपछि माननीय नरबहादुर विष्ट ।

<u>**माननीय डा. विमला राई पौडयाल (मनोनीत)ः**</u>- सम्माननीय अध्यक्षज्यू, हाम्रा कानुन मन्त्री जो गैरसांसद मन्त्री हुनुहुन्छ । कानुन पढेर आउनु भा'छ । कानुन पढेर आएका मन्त्रीले कानुन राम्रैसँग जान्नुहुन्छ । तर स्वास्थ्यमा दखल छैन होला । किनभने उहाँले स्वास्थ्यको विषय पढ्नुभएको होइन । उहाँले केही दिनदेखि पब्लिक्ली संसदमा पनि बाहिर पनि भन्दैहुनुहुन्छ । महिलाको २० वर्षको विवाह गर्ने उमेर साइन्टिफिक छैन । यसले एकदमै धेरै ध्यान आकृष्ट भएको छ । र म यही विषयमा साइन्टिफिक छ कि छैन भनेर प्रस्तुत भएको छु ।

दक्षिण एसियामा २० देखि २४ वर्षका महिलाहरूमध्ये ४५ प्रतिशत महिला १८ वर्ष उमेरमा विवाह गरेका छन् । अनि प्रत्येक ५ बालिकामध्ये एकजना बालिका १५ वर्षको उमेरमा विवाह गर्छिन् । मातृमृत्यदर त्यसैको कारणले साउथ एसियामा उच्च छ । नेपालमा खुशीको कुरा, नेपालमा अहिले पनि मातृमृत्युदर उच्च छ । तर पहिलेको तुलनामा धेरै घटिराखेको छ । मन्त्रीज्यू यहाँ हुनुहुन्न । यहाँ दुईजना मन्त्रीज्यूहरू हुनुहुन्छ । कृपया उहाँलाई सुनाइदिनुहोला ।

नेपालमा २००३ सालमा १ लाख आमाहरूमध्ये बच्चा जन्माएका १ लाख आमाहरूमध्ये ४७० आमा बच्चा जन्माउन नसकेर मर्थे, २००३ सालमा । २०१७ सालमा यो घटेर १८६ भयो । नेपालको कुरा गर्दैछु । सहस्राब्दी विकास लक्ष्यको २००० देखि २०१५ सम्मको हाम्रो टार्गेटअनुसार नेपालमा ५३ प्रतिशतले हामीले मातृमृत्युदर घटायौं । यो ५३ प्रतिशतले घटाउँदाखेरि नेपालले अन्तर्राष्ट्रिय पुरस्कार पायो । अन्तर्राष्ट्रिय पुरस्कार पाउनुका दुइटा कारण थिए । एउटा उमेर बढाएको र अर्को महिला स्वास्थ्य स्वयंसेविकाहरूको काम । यो दुइटा कारणले हामीले अन्तर्राष्ट्रिय पुरस्कार पायौं ।

अब हालको अहिलेको दिगो विकास लक्ष्यमा नेपालले सन् २०३० सम्ममा मातृमृत्यदर घटाएर १ लाखमा ७० जना महिलाभन्दा कममा लैजाने भनेको छ । राम्रो टार्गेट छ । नेपाल सरकारले राखेको टार्गेट हो । यसको लागि पनि विवाह गर्ने उमेर बढाउनुपर्छ भनेर । साइन्टिफिक भन्या, त्यो हो । विवाह गर्ने उमेर बढाउनुपर्छ । त्यही भनेर विवाह गर्ने उमेर बढाइएको हो । अब यो किन २० वर्ष भन्ने प्रश्न छ । एक्स्पोर्टले भन्छन्, स्वास्थ्य पढेका एक्स्पोर्टको कुरा गर्दैछु मैले । कानुन पढेका एक्स्पोर्टको होइन । स्वास्थ्य पढेका एक्स्पोर्ट भन्छन्, शारीरिक र मानसिक स्वास्थ्यका दृष्टिले परिपक्वताको दृष्टिले पहिलो पल्ट आमा हुने र बच्चा जन्माउने उचित समय र late 20 । late 20 भनेको २४/२५ वर्ष पछाडि हो । late 20 हो । २० वर्षदेखि ३० वर्ष उत्तम समय हो । यो जनस्वास्थ्यविद् र चिकित्सा शास्त्रले भनेको कुरा हो । त्यसैलाई हेरेर हामीले २० वर्ष बनाएका हौं । छिमेकी देश भारतले यसैलाई हेरेर १८ वर्षबाट मोदी सरकार आउनेबित्तिकै २१ वर्ष बनायो । उहाँहरूले सशक्तीकरणको लागि, महिलालाई आत्मनिर्भर बनाउनको लागि र मातृमृत्युदर घटाउनको लागि भन्नुभा' छ, २१ वर्ष बढाएको । छिमेकी राष्ट्र चीनमा २० वर्ष महिलाको उमेर छ, २२ वर्ष पुरुषको उमेर छ । त्यसरी नै राखिएको छ । तर हाम्रा कानुन मन्त्रीले के भन्नुभयो भने यो साइन्टिफिक छैन । किन साइन्टिफिक छैन ? उहाँको answer के थियो, १६ वर्षमा नागरिकता पाउँछ । १८ वर्षमा भोट हाल्न पाउँछ । त्यसैकारण १८ वर्षमा विवाह गर्न पाउनुपर्छ । यही हो साइन्टिफिक ? विवाह गर्ने उमेर भनेको प्रजनन स्वास्थ्यको उमेर हो । प्रजनन स्वास्थ्यमा को कतिबेला परिपक्व हुन्छ भन्ने कुरो कानुन मन्त्रीले जान्ने कि स्वास्थ्य पढ्ने डक्टरहरूले जान्ने हो ? जनस्वास्वास्थ्यविद्हरूले भन्दैछन् । हामीले जे जति उपलब्धि अहिले हासिल गरेका छौं, मातृमृत्युदर घटाउनका लागि त्यो एउटा

महत्त्वपूर्ण फ्याक्टर भनेको २० वर्षको वैवाहिक उमेर राखिएको कारणले हो । त्यो घटायौं भने हाम्रो उपलब्धि त घट्छ नै । त्यो सँगसँगै यो शिक्षामा, स्वास्थ्यमा उनको अरू महिला हिंसाका कुरामा उनको के हालत हुन्छ ? आफ्ना छोरीलाई १८ वर्षको उमेरमा विवाह गर्नको लागि हामी रेडी छौं ? अनि अरूलाई भन्ने ?

अनि अर्को तर्क छ, हास्यास्पद तर्क । बाल विवाह बढ्यो रे त्यसकारण विवाह गर्ने उमेर घटाएर १८ वर्ष पुऱ्याउने रे । तपाईं १०० मिटर कुद्‌दैहुनुहुन्छ । अनि गोल पोस्ट चाहिँ ५० मा झारेर ५० मिटरमा झारेर मैले जितें भन्ने ? कि बाल विवाह घटाउनको लागि अरू उपाय अपनाउने ? त्यो भएर यो मन्त्रीज्यूको, कानुन मन्त्रीज्यूको यो भनाइ सर्वथा अनुपयुक्त छ । र यसको विषयमा राष्ट्रिय बहस हुनुपर्छ । ६ महिनाका लागि मन्त्री भएर आएर वर्षौंदेखिको हाम्रो लगानी गरेर हामीले उपलब्धि गरेको यो महिलाप्रतिको महिलाको सावस्थ्य महिलाको जीवनप्रति खेलवाढ गर्ने अधिकार कानुन मन्त्रीलाई छैन । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय नर बहादुर विष्ट । समय ७ मिनेट । यसपछि माननीय देवेन्द्र दाहाल ।

**<u>माननीय श्री नर बहादुर विष्ट (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, म दुई, तीनओटा कुरा गर्न गइराखेको छु । माननीय मित्रहरूले पनि धेरै कुराहरू राखिसक्नुभो । अहिले देशमा हामी कृषिप्रधान देश भ'को हुनाले किसानहरूले मल नपाएको गुनासो आइराखेको र हामी माननीयले पनि यहाँ धेरै माननीयको माग पनि मल नआएकै भन्ने छ । जब खेत रोपाइँ सुरु हुन्छ त्यसपछि मलको कुरा उठाउने नेपाली परम्परा रह्यो । त्यसैले यो मलको बारेमा गम्भीरतापूर्वक सम्माननीय अध्यक्षमार्फत सरकारको ध्यान आकर्षण गरेर माननीयज्यूले बोलेका कुराहरूको बारेमा मल आयो कि आएन ? कहिले आउँछ ? आउँदैन भन्ने सम्मानित सदनमार्फत यहाँ जवाफ आओस् भन्न म चाहन्छु । र खास गरेर मलको कारखानाको बारेमा पनि धेरै कुराहरू आयो । कारखाना स्थापना किन हुँदैन त ? भन्ने मेरो आफ्नो रेडिङ के हो भनेपछि डीएपी र युरिया मलको बारेमा कारखाना कपिलवस्तु समथिङ जिल्लामा राख्ने भन्ने सरकारले धेरै पूर्वसरकारले पनि गरिसके । तर यो गर्नको लागि

यसको मेटरियलहरू कहाँबाट आउनुपर्दो रहेछ त भन्दा तपाईंको इजरायलबाट युरिनियम र इरानबाट युरिनियम आउनुपर्ने । यहाँ नेपालमा त्यो कारखाना राख्दाखेरि त्यसको दुरुपयोग हुन्छ कि भनेर हाम्रो मित्र राष्ट्र भारतले राख्न नदिएको । यसको दबाब म्याक्सिमम नेपाल सरकारले थेग्न नसकेको कारणले हामीले मल कारखाना नेपालमा राख्न सक्दैनौं, फेरि पनि सक्दैनौं, भोलि पनि सक्दैनौं, आज पनि सक्तैनौं । किनभने उसको इन्ट्रेसको कुरा हो र आफ्नो मल बिक्री नहुने कुरा, यी यस्ता थुप्रै कुराहरू छन् । त्यसैले म यथासम्भव नेपाली जनतालाई मलमा आत्मनिर्भर बन्नको लागि मल कारखानाको यथाशीघ्र राख्नको लागि म आग्रह गर्न चाहन्छु ।

र अर्कोतिर म कर्णाली प्रदेशको राष्ट्रिय सभाबाट आएको माननीय । अहिले देशमा बाढी पहिरो आइराखेको छ । मौसमीहरू खराब भइराखेको छ । कर्णाली प्रदेशको सुर्खेत र दैलेखको गुराउसे भन्नेमा एउटा रडार छ । करिब २५/३० करोड नेपाल सरकारको खर्च गरेर बनाएको रडार त्यहाँ कामविहीन छ । त्यसको कार्यालय O & M को नाममा कोहोलपुरमा त्यसको कार्यालय छ । त्यो ठाउँमा मान्छे छैन । मैले धेरैचोटि पनि सम्बन्धित मन्त्रालयसित कुरा राखें । तर पनि त्यो कामविहीन छ । किनभने यसैको परिणाम केही हप्ताअगाडि एउटा प्लेन दुर्घटना भयो । मौसमी कहाँबाट थाहा पाउने बाढी पहिरो कसरी आउँदै छ ? कहाँबाट आउँदै छ ? भन्नको उपयोगको लागि यो मौसमी रडार राखिएको छ । तर त्यो मौसमी रडारको कुनै पनि काम छैन । त्यसलाई यथाशीघ्र राखियोस् भन्ने, सञ्चालनमा ल्याओस् भन्ने म माग गर्न चाहन्छु ।

र अर्कोतिर कर्णाली राजमार्ग, माननीय मन्त्रीज्यू पनि यही हुनुहुन्छ । कर्णाली राजमार्ग सधैंभरि माननीयहरूले जनप्रतिनिधिहरूले उठाने भनेको कर्णाली राजमार्ग मृत्युमार्गको रूपमा परिभाषित भएको छ । टाल्ने काम भएको छ । तर त्यसको व्यवस्थित तरिकाले त्यसको जुन खालको त्यसको स्तर उन्नति हुनपर्थ्यो । त्यो हुँदैन । किनभने टाल्ने असारको महिना, जेठको अन्तिमतिर टाल्ने सिस्टम रहेछ । त्यो सिस्टम भनेको अगि सेटिङको कुरा पनि आयो । यो सेटिङ हाम्रो पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीको पालादेखि सेटिङको कुरा आएको थियो । त्यो सेटिङ प्रदेशको D.E. देखि लिएर माथि विभागदेखि लिएर मन्त्रालयसम्म सेटिङ हुन्छ । त्यसकारणले यो सबैभन्दा मर्मतमा खर्च हुन्छ । सायद हामी यहाँबाट चितवन जाँदाखेरि हामीले सडक कर पनि तिरेका छौं । तर त्यो अरबौं रुपैयाँ त्यो सडकको अहिले दुरुपयोग भएको छ । म यो कुरा यति राख्न चाहन्छु ।

र अर्कोतिर यहाँ धेरै ठुलो सेटिङ, म सम्मानित यो युरियाको मलको बारेमा छानबिन गर्नको लागि संसदीय समितिको माग गर्न सम्मानित अध्यक्षमार्फत म नेपाल सरकारको ध्यानाकर्षण गराउन चाहन्छु । यो संसदीय समिति बनाएर किन मल आउँदैन ? किन अहिले मात्र हामीले कुरा उठाइराखेका छौँ ? यसको संसदीय समिति छानबिन गर्न जरुरी छ । र अर्कोतिर यहाँ एउटा हिजो मैले एउटा न्युज सुनें । संविधान बनाउँदाखेरि हामीले भनेका थियौं राज्यको पुनःसंरचना गऱ्यौं । राज्यको पुनःसंरचना देश सङ्घीयतामा गयो । त्यतिबेला हामीले कानुनको न्यायालयको पनि संरचना, पुनःसंरचना गऱ्यौं भन्यौं । तत्कालीन माओवादीले गर्दाखेरि तत्कालीन नेपाली काँग्रेस र नेकपा एमालेलगायतका मान्छेले त्यो पुनःसंरचना हुनुहुँदैन भन्ने आवाजले बढी थिच्यो । त्यसैले म सम्मानित संसदमा यहाँ एउटा हिजो इच्छाराम तामाङ भन्ने सिभिल सेभिङ एन्ड क्रेडिट सहकारीका अध्यक्ष पूर्व नेकपा एमालेबाट निर्वाचित या मनोनित सांसद इच्छाराम तामाङ पूर्वसांसदले ८ अरब रुपैयाँ जनताको पैसा घोटाला गरेको हिजो जिल्ला अदालतमा उसलाई १० करोडमा धरौटी राख्ने, त्यस धरौटीमा रिहावापत २ करोड रुपैयाँ घुस खाने सम्मानित अदालतका न्यायाधीश राजकुमार कोइराला र अधिवक्ता रुद्रप्रसाद पोखरेल जसले यो प्रतिगमनको वकालत गर्थे । सबैभन्दा प्रतिगमन वकालत गर्ने वकिल त्यसैले यो सेटिङ, यो सेटिङ नेपाली जनताको पक्षमा कति दुर्दशा छ नेपाली जनताले कत्तिको न्याय पाउँछन् ? यो अदालतबाट । यो न्यायालयबाट कति न्याय पाउँछन् नेपाली जनताले ? ८ अरब रुपैयाँको छिनोफानो छैन अहिले । त्यसैले २ करोड, ५० करोडको धरौटी राख्ने मनस्थिति न्यायाधीशको छ । उनले लिन पनि खोज्छन्, डराउन पनि खोज्छन् । जागिर पनि जान्छ कि मैले भनेर १० मिनेटको अडियो सुनें । त्यसैले म सम्मानित हाम्रो राष्ट्रिय सभाको अध्यक्षमार्फत यो जुन न्यायालयभित्र भएको भ्रष्ट्राचार छ । तीन महिनासम्म वकिलले सङ्घर्ष गरेर प्रधानन्यायाधीशलाई हटाइयो । अझ पनि न्यायाधीश र जुन खालको यो अधिवक्ताको बिचमा सेटिङ भएर जुन खालको खतरनाक यहाँ भिडिओ आएको छ । यो एउटा संसदीय समिति बनाएर नेपाल सरकारले यो न्यायालयमाथि भएको जुन नेपाली जनताको अविश्वासमाथिको जुन खालको यहाँ सेटिङ हुँदै छ । यो सेटिङ तत्काल कारबाही गर्नको लागि संसदीय समिति हुन्छ या उच्चस्तरीय छानबिन समिति बनाएर यो न्यायालयभित्रको विकृतिलाई विकृतिको अन्त्य गर्नको लागि म नेपाल सरकारको सम्मानित सदनबाट ध्यानाकर्षण गर्न चाहन्छु, धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय देवेन्द्र दाहाल । समय १५ मिनेट । यसपछि माननीय प्रकाश पन्थ ।

**माननीय श्री देवेन्द्र दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**ः- सम्माननीय अध्यक्ष महोदय, आज यहाँ विशेष समयको विशेष समय लिएर म यहाँ उपस्थित भएको छु र यहाँ विभिन्न विषयमा छलफल आफ्ना विचारहरू प्रस्तुति भइरहेका छन् । र मैले आज यहाँ एउटा विषयमा अलिक सविस्तार यो संसदलाई संसदमा आफ्ना कुरा राख्न चाहन्छु । र यो SPP र प्रधानमन्त्रीको अमेरिका भ्रमणको सम्बन्ध के छ ? यो धेरै चर्चाको विषय, धेरै छलफलको विषय अहिले देशमा छ र प्रधानमन्त्रीज्यूको अमेरिका भ्रमणको चर्चा चलेको छ । तर कुनै औपचारिक फोरममा त्यसको जानकारी छैन र SPP को कुरा पनि निकै चर्को गरी चलेको छ । म यो यसबारेमा अलिकति चर्चा गर्नुभन्दा पहिले यो असंलग्न राष्ट्रहरूको शिखर सम्मेलन जसलाई बाङडुङ समेलन पनि भनिन्छ । यो इन्डोनेसियाको बाङडुङमा भएको हुँदा यसलाई चाहिँ बाङडुङ समेलन भनिएको हो । र यो चाहिँ १८ देखि २४ अप्रिल १९५५ मा सम्पन्न भएको थियो । र २९ ओटा राष्ट्रहरू सम्मिलित यो सम्मेलन र मैले र जानकारी पाएअनुसार संसारका जनसङ्ख्याको हिसाबले भन्दा चाहिँ बढी जनसङ्ख्यालाई त्यहाँ प्रतिनिधित्व गर्थे । ५४ प्रतिशत जनसङ्ख्यालाई प्रतिनिधित्व गर्नेहरू राष्ट्रहरूको बिचमा यो सम्मेलन भएको थियो र त्यो सम्मेलनले अगाडि बढाएका अथवा त्यसले अगाडि सारेका १० ओटा declaration हरू थिए । अथवा घोषणाहरू थिए । ती १० ओटामा सहअस्तित्वको कुरा, परस्पर भाइचरा सम्बन्धको कुरा र कुनै पनि शक्ति राष्ट्रको पक्ष वा विपक्षमा वकालत नगर्ने वा पक्ष वा विपक्षमा नलाग्ने भनेर उनीहरूले अथवा सानो राष्ट्र होस् वा ठुलो राष्ट्र होस् सार्वभौमसत्ताको दृष्टिकोणले सबै समान रहनेछन् भनेर त्यहाँ चाहिँ घोषणा गरेका थिए । लगभग १० ओटा घोषणा गरेका बुँदाहरूमध्ये जिष्ट कुराहरू चाहिँ यिनै थिए । र ती असंलग्न राष्ट्रहरू भनेर त्यसैलाई भनिन्थ्यो जसले कुनै शक्ति राष्ट्रको पक्ष वा विपक्षमा लाग्दैनन् भनेर उनीहरूले घोषणा गऱ्या थिएँ ।

र अहिले पनि हामी त्यो कुरालाई मानिरहेका छौँ । पञ्चशीलको सिद्धान्त भनेर त्यसलाई हामीहरू ती कुराहरूलाई पनि हामीले अङ्गीकार गरिरहेका छौँ । त्यसकारणले गर्दाखेरि अहिले आजको दिनमा अमेरिकाको सम्बन्ध नेपालको कस्तो हुने म परराष्ट्र विज्ञ होइन । तर पनि म भन्न चाहन्छु कि सामान्य राजनीतिको विद्यार्थी भएको हुँदा समान

दृष्टिकोणबाट अमेरिका पनि हामीलाई चाहिन्छ । चीन पनि हामीलाई चाहिन्छ । भारत पनि हामीलाई चाहिन्छ । स्वभाविक रूपले चीन र भारत हाम्रा छिमेकी राष्ट्र भएकोले गर्दा अलिक बढी घनिष्टताको सम्बन्ध हुन्छ । तर पनि कोहीप्रति लयल भएर कोहीप्रति चाहिँ अब अलिक टाढा भएर हामीले यो रहन सक्दैनौं । हाम्रो देशको परराष्ट्र नीति त्यसैमा आधारित छ । मैले यो विषय किन सम्माननीय अध्यक्ष महोदय किन उठाएको हो भने यो प्रधानमन्त्रीको अमेरिका भ्रमणको सन्दर्भमा यो कुरा अलि पेचिलो भएर आएको छ । र अलिकति भनौं अहिलेसम्म यो सार्वभौम संसदलाई कुनै जानकारी दिइएको छैन । किनभने सबभन्दा पहिलो अधिकार यो संसदको हो । प्रधानमन्त्री भनेको देशको प्रधानमन्त्री हो । कुनै पार्टीको हुनुहोला नेता तर पनि देशको प्रधानमन्त्री हो त्यसैले गर्दाखेरि यो संसदले जानकारी पाउनुपर्ने । त्यो जानकारी पाएको छैन । न प्रतिनिधि सभामा यसको जानकारी प्राप्त भएको हामीले जानकारी पाएका छौं र न हाम्रो राष्ट्रिय सभामा नै यसको जानकारी हामीले पाएका छौं ।

दोस्रो कुरा, सत्तापक्ष र विपक्षी दलका नेताहरू पूर्वप्रधानमन्त्रीहरू वैदेशिक मामिला विज्ञ र पूर्वराजदूतहरूलगायतका हरूसँग छलफल गरेर feedback लिने परापूर्व कालदेखि नै चलन थियो । हामीलाई अहिले, हामीसँग अहिले एउटा धेरै र्‍युमर पनि आएको छ त्यो के हो भन्दाखेरि अहिले सबै सबैलाई छलेर प्रधानमन्त्री अमेरिका भ्रमणमा जाँदै हुनुहन्छ । यस्तो सुनिएको छ । यसले आशङ्का उत्पन्न गरेको छ । देशमा एउटा आशङ्का उत्पन्न गरेको छ । यहाँ जानकारी प्राप्त भएअनुसार यस विषयमा यहाँको परराष्ट्र मन्त्रालय बेखवर छ । र दुई देशका सेना र रक्षा मन्त्रालयहरूमा मात्र कुरा भइरहेको छ । यहाँको परराष्ट्र मन्त्रालय जो चाहिँ यसको बारेमा सबैभन्दा बढी आधिकारिक जानकारी राख्नुपर्ने परराष्ट्र मन्त्रालय बेखबर छ भन्ने सुनिएको छ । र प्रतिनिधि सभामा सत्तापक्ष नेकपा माओवादी केन्द्रका प्रमुख सचेतकले नै यो भ्रमण शङ्कास्पद छ भनेर भन्नुभएको छ । र उहाँले यो भ्रमण रद्द हुनुपर्छ भनेर माग गर्नुभएको छ । यो अझै गम्भीर कुरा हो भन्ने मलाई लाग्छ ।

त्यसकारण यो मैले सुरुमा उठाएको थिएँ सम्माननीय अध्यक्ष महोदय । यो SPP र प्रधानमन्त्रीको अमेरिकाको भ्रमणको कस्तो सम्बन्ध के छ भनेर । हुनत हामीले सुन्यौं । सरकारले हाम्रो पार्टी नेकपा एमाले र जनस्तरबाट पनि विरोध भइसकेपछि यो फिर्ता लिएको भन्ने सुनियो यो SPP चाहिँ । तर चारैतिरबाट के शङ्का गरिएको छ भने प्रधानमन्त्री अमेरिका गएर फेरि कुनै गोप्य सम्झौता गर्ने त होइन ? किनभने यो नेपाली

काँग्रेसको यो परम्परादेखि आएको चलन हो । अहिले नेपाली काँग्रेस सभापति प्रधानमन्त्री हुनुहुन्छ र पहिले धेरै लामो समय संसद अवरोध भएको थियो यो पछिल्लो कालको भन्दा त्यो त्यतिबेलाको संसद अवरोध चाहिँ निकै लामो भएको थियो । त्यही कारणले गर्दा त्यहाँ के भनियो भनेदेखि टनकपुरको बारेमा चाहिँ सम्झौता गरेर आइएको रहेछ तर त्यसलाई समझदारी भनियो र संसदलाई ढाँटियो । संसदलाई ढाँटियो भनेर ठुलो आन्दोलन संसदभित्र भएको थियो भने हामीले अहिले यो SPP को यहाँ फिर्ता लिने भनियो तर अमेरिका गएर चाहिँ किनभने यो सबै घटनाक्रमहरूले के देखाउँछ भने यहाँ चाहिँ प्रधानमन्त्री अमेरिका गएर यसको फेरि गोप्य कुनै सम्झौता गर्नुहुन्छ कि भन्ने नेपाली जनताको तर्फबाट पनि आशङ्का व्यक्त गरिएको छ ।

त्यसकारण सम्माननीय अध्यक्ष महोदय म हाम्रो यो सदनको यस रोष्ट्रमबाट एउटा आग्रह गर्न चाहन्छु । यो विवादास्पद भ्रमण रद्द हुनुपर्छ भनेर धेरैतर्फबाट कुरा पनि आएको छ । स्वयम् संसदको संसदभित्र दलको अथवा सत्तापक्षकै सांसदहरूले सत्तापक्षकै सांसदको दलका कुनै सांसदले यो भ्रमण रद्द हुनुपर्छ । यो शङ्कास्पद छ भनिरहेको अवस्थामा यो शङ्का र उपशङ्काका बिचमा प्रधानमन्त्रीको भ्रमण रद्द हुनुपर्छ भन्ने माग राख्न चाहन्छु । किनभने यो शङ्का र उपशङ्काको बिचमा भ्रमण किन गर्ने ? अमेरिका त प्रधानमन्त्रीज्यूले देख्नु नै भएको होला त्यही पढ्नुभएको हो भन्ने सुनेको थिएँ । त्यसले गर्दा अमेरिका भ्रमण त अरू कुनै समयमा जाँदा पनि हुन्छ भने अहिले यस्तो शङ्का र उपशङ्काको बिचमा प्रधानमन्त्रीले यो भ्रमण गर्नु उचित हुँदैन र यो भ्रमण रद्द गर्नुपर्छ । म पनि यो सदनमार्फत यो सभामार्फत गम्भीर ध्यान आकर्षण मात्रै होइन माग गर्न चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, हामीले यही सदनबाट मलाई लाग्छ यो मेरो डेटमा अलि तलमाथि छैन भने ७७ असार ४ गते बिहीवारको दिन यही सदनले लिम्पियाधुरा, लिपुलेक नेपालको हो भनेर अनुसूचीमा अर्थात् संविधानको अनुसूचीमा राख्नका लागि चाहिँ नेपालको नक्सासहित अथवा त्यो भूभागसहित समेटेको कुरालाई राख्नका लागि भनेर हामीले भोटिङ गरेका थियौं र भोटिङ गरेर यही बैठकले भोटिङ गरेर त्योभन्दा अगाडि प्रतिनिधि सभामा भोटिङ भयो र त्यसपछाडि हामीले भोटिङ गरेका थियौं र त्यसलाई अनुसूचीमा हामीले सामेल गरेका थियौं । र लिम्पियाधुरा, लिपुलेकलगायतका क्षेत्रहरूलाई समेटेर नक्सासमेत जारी गरिसकेपछि अब त्यतिबेलाको तत्कालीन सरकारका विरुद्धमा एउटा माहोल नै सिर्जना भयो । र झन्डै एक वर्षपछाडि केपी ओलीको सरकार

ढल्यो र वास्तवमा यो ऐतिहासिक आधार प्रमाण र वास्तविकतामा आधारित थिए भनेर हामीले त्यतिखेर नै भनेका थियौं त्यो विषय र त्यो नक्सा समेट्ने जम्मा चाहिँ त्यो दार्चुला जिल्लाको उत्तरकुनामा ३ सय ७० square kilometer को जुन भूभाग थियो त्यो भूभाग चाहिँ नेपालको हो भनेर हामीले declare गऱ्या थियौं । भनेपछि त्यो declare गरेको कुरालाई कार्यान्वयन हुने क्रममा diplomatic note लगायतका कुराहरूको process मा जाँदै थियो र त्यो process मा जाँदै गर्ने सन्दर्भमा सरकार ढल्यो त्यतिबेला । सरकार ढलिसकेपछि अब यो सरकार आएको छ अहिले र मेरो प्रश्न के छ भने त्यसपछाडि पनि प्रधानमन्त्री भारतको भ्रमणमा जानुभयो र भारतका प्रधानमन्त्री पनि नेपालमा आउनुभयो र नेपालमा लुम्बिनी भ्रमण भनेर आउनुभयो र उहाँहरूको भेट भयो । भेटको सन्दर्भमा यो भूमि फिर्ता ल्याउनको लागि वास्तविक रूपमा यो भूमि फिर्ता ल्याउनका लागि के के पहल भइरहेका छन् । न त यो सदनलाई जानकारी छ न हामी कसैलाई नै जानकारी छ । त्यसकारणले गर्दाखेरि यो भूमि फिर्ता ल्याउनको लागि यो सरकारले अविलम्ब पहल गर्नुपर्छ र पहल गरेको छैन । यसमा आँखा चिम्लेर बसेको छ । र भारतसँग कुनै कुरा गर्न पनि सक्दैन, सकिरहेको छैन । त्यसकारण यस्ता सवालहरूमा जसरी हामीले राष्ट्रिय सहमति कायम गरेका थियौं पहिले । सबैले चाहिँ राष्ट्रिय रूपमा एक भएर यो नक्सा हामीले जारी गर्ने कुरा पारित गरेका थियौं भने त्यसै गरेर हामी तयार छौं । हामी प्रतिपक्षहरू पनि तयार छौं यो भूमि फिर्ता ल्याउनका लागि पहल गर्दिनुपऱ्यो । यो सरकारले पहल गर्नुपऱ्यो अविलम्ब सरकारले पहल गर्नुपऱ्यो ।

सम्माननीय अध्यक्ष महोदय, मैले केही विषयहरू चाहिँ यहाँ ल्याएको थिएँ । र ती विषयहरू यदि समय भयो भनेदेखि मैले चर्चा परिचर्चा गर्ने भनेर मैले ल्याएको थिएँ । त्यसमध्येको एउटा विषय छ त्यो विषय के त भन्दाखेरि यो अहिले नेपालका तीनै अङ्गहरूप्रति जनताको वितृष्णा जागेको छ । तीनटा अङ्गहरू व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका । हामिले एकातिर कार्यपालिकालाई हेर्ने हो भने अर्थमन्त्रीको बारेमा यत्रो प्रश्न उठेको छ जवाफ छैन । संस्कृति मन्त्रीको गालीगलोचको संस्कृति पनि छताछुल्ल भएको छ । जनतामा कुनै service delivery छैन । सत्ता साझेदारी दलको मन्त्री फेर्ने निर्णय तिनै मन्त्रीहरू जबरजस्ती कुर्सीमा बसिरहेको अवस्था छ । यस्तो अवस्था छ । व्यवस्थापिकाको कुरा गर्ने हो भने यहाँ धेरै कुराहरू उठाइयो । यहाँ १२ ओटा विधेयकहरू हामीले तयार पारेर पठाएका १२ ओटा विधेयकहरू चाहिँ फिर्ता आएका छैनन् त्यसमा कति करोड खर्च भयो भनेर यहाँ उठाइयो । अनि यही सदनमा

पनि यही सदनमा दुइटा विधेयकहरू नयाँ आउनुहुने माननीयज्यूहरूलाई जानकारी नहुन सक्छ सम्माननीय अध्यक्ष महोदय । दुइटा विधेयकहरू भ्रष्टाचार र अख्तियारसम्बन्धी विधेयकहरू यो सदनमा ल्याएर यहाँ राखिएको छ, कुन ठाउँमा कुन कुनामा ती छन् भनेर अहिले हामीलाई थाहा छैन । किनभने त्यहाँ कसको के मिलेन हामीलाई थाहा छैन । र ती विधेयकहरू यही राष्ट्रिय सभामा बसिरहेका छन् । १२ ओटा विधेयकहरू प्रतिनिधि सभामा बस्या छन् भनेदेखि दुइटा विधेयक त यही भ्रष्टाचार र अख्तियार जस्तो महत्त्वपूर्ण विधेयकहरू यहाँ बसिरहेका छन् । त्यसले गर्दा मैले मात्रै के भन्न खोजेको भने अहिले सारातिर बेथिति छ । चाहे त्यो कार्यपालिका भनौं, चाहे त्यो व्यवस्थापिका भनौं, चाहे त्यो न्यायपालिका भनौं सबै लथालिङ्ग अवस्थामा रहेका छन् । यस कुराको जिम्मेवार यो सरकारले लिने कि नलिने र लिनुपर्छ र यसलाई व्यवस्थित गर्नका लागि यो सरकार लाग्नुपर्छ तर आशा त धेरै छैन तर मैले सुझाव दिने काम चाहिँ यो रोष्टमबाट गर्न चाहन्छु । हवस् त धन्यवाद ।

**सम्माननीय अध्यक्षः-** माननीय प्रकाश पन्थ । समय ५ मिनेट ।

**माननीय श्री प्रकाश पन्थ (नेपाली काँग्रेस):-** सम्माननीय अध्यक्ष महोदय, आजको विशेष समय गरेर मैले आज तनहुँतर्फ नै आकर्षित गर्न चाहन्छु सबैलाई । हामी पूरै संसार विगत २/३ वर्षदेखि नै यो कोभिड-१९ को महामारीबाट आक्रान्त भयौं । अर्थतन्त्रहरू धराशायी भए । जनजीवनहरू पनि अस्तव्यस्त भए, यो बिचमा । सामाजिक सद्भाव र संस्कृति गतिविधिहरू पनि ठप्प भए । र हामी आफ्नै प्रिय मान्छेहरूसित टाढा बस्नुपर्ने स्थिति आयो । र हामी कतिपयले आफ्नो प्रियजनहरू पनि गुमायौं । कोभिड-१९ स्वासप्रश्वाससँग सम्बन्धित एउटा महामारी थियो । यसको अगाडि एउटा सानो धिपधिपे बत्तीहरू बालिएको थियो । यसको अनुमान पनि गरिएको थियो । नेपाल र विश्वभरि नै एउटा वातावरणलगायत थुप्रै कारणहरूले गर्दाखेरि स्वासप्रश्वाससँग सम्बन्धित रोगहरूको अब बढ्छ । यसको समस्याहरू बढ्नेवाला छ भन्नेखालको अनुमानहरू पनि थियो । त्यही अनुमान स्वरूप चाहिँ त्यतिबेला नेपाली काँग्रेस सरकारमा हुँदाखेरि एउटा प्रयास भएको थियो । नेपाली काँग्रेसका वरिष्ठ नेता तनहुँका नेता पनि हुन्, रामचन्द्र पौडेल । उहाँ पूर्वसभामुख पनि हुनुभयो । उहाँकै विशेष पहल र जोडबलमा चाहिँ

उहाँकै अगुवाइमा नेपाली काँग्रेसका पूर्वप्रधानमन्त्री, पूर्वसभापति शान्तिप्रिय नेता, शान्ति नायक गिरिजाप्रसाद कोइरालाको नाउँमा चाहिँ एउटा जीपी कोइराला स्वासप्रश्वास स्वास्थ्य विज्ञान प्रतिष्ठान नै बनाउने भनेर एउटा त्यो खालको कोसिसहरू त्यो बेला भए, छलफलहरू चले । र त्यो स्थापना गर्ने कुराहरू पनि अगाडि बढ्यो र सरोकारवालाहरू सबैको साथ सहयोगमा तनहुँमा एउटा स्वासप्रश्वास केन्द्र भनेर अस्पताल पनि खोलियो । तर स्वासप्रश्वाससँग सम्बन्धित थुप्रै विषयहरूमा उपचार गर्ने कुरादेखि लिएर अनुसन्धान गर्ने, गराउनेदेखि लिएर तालिम सञ्चालन गर्ने कुराहरूदेखि लिएर दक्ष जनशक्ति तयार पार्ने, गराउने विषयमा भनेर २०७० सालमा संस्था स्थापना भएको थियो ।

र हाल यस केन्द्रले ५० शैय्याको जनरल अस्पताल सञ्चालन गरेको पनि छ । यसै वर्षदेखि अप्रेसनको सुरुवातहरू पनि गरेको छ र आईसीयूहरूलाई पनि व्यवस्थित गर्ने कोसिस यसले गरेको छ । तर यसले स्वासप्रश्वाससँग सम्बन्धित विषयमा चाहिँ काम गर्न सक्या छैन । दक्ष जनशक्तिको अभावमा, अरू थुप्रै पूर्वाधारदेखि लिएर धेरै कुराको कारणले गर्दाखेरि आफ्नो नामअनुसारको काम गर्न चाहिँ सकिरहेको छैन, यो बिचमा । र अब यसमा सँगसँगै यसले आफ्नो जग्गाहरू पनि त्यसको ७० रोपनी जग्गाहरू पनि अतिक्रमण भइरहेको स्थिति छ । त्यसलाई जोगाउन पनि मुस्किल मुस्किल भइरा छ । त्यो कारणले गर्दाखेरि सरकारले यसको एउटा ओएमएम गरेर, डिटेल डीपीआर पनि बनाएर यसलाई तुरुन्तै त्यसतर्फ जनशक्तिहरू पनि खटाएर त्यसलाई व्यवस्थित गर्नुपर्ने आवश्यकता छ । म नेपाल सरकारलाई, सम्बन्धित निकायहरूलाई त्यसतर्फ गम्भीर ध्यानआकर्षण गराउन चाहन्छु ।

अब यो नेपाल सरकारले यो जीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान बनाउने उद्देश्य राखेको हो त्यतिबेला । यस विषयमा यस बिचमा सम्माननीय प्राइमिनिस्टरज्यूको भारत भ्रमणको क्रममा भारत सरकारसँग पनि यस विषयमा समन्वयहरू, सरसल्लाहहरू, कुराकानीहरू भएको कुराहरू छ । र परराष्ट्र मन्त्रालयले पनि यस विषयमा आवश्यक समन्वयहरू गरिरहेको भन्ने कुराहरू पनि हामीले सुनेका छौं । यस विषयलाई अलि छिटोभन्दा छिटो, छिटो प्रक्रियाबाट टुङ्ग्याउनतर्फ मैले चाहिँ विशेष पहल, जोडबल होस् भन्ने कुरामा विशेष अनुरोध पनि गर्न चाहन्छु ।

यस अगि र अहिलेसम्म यो बिचमा आइसक्दाखेरि यो अस्पतालले प्राथमिकता नपाएकै हो । यसलाई एकदम उपेक्षा गरियो । त्यो कुरा सबै हामी तनहुँबासीदेखि

लिएर सबैले त्यो खालको अनुभुतिहरू हामीले गरेकै छौं । स्वासप्रश्वाससम्बन्धी रोगको उपचार, अध्ययन, अनुसन्धानका सम्बन्धमा नेपालमा मात्रै होइन, अहिले दक्षिण एसियाकै एउटा उत्कृष्ट केन्द्र यसलाई बनाउने भन्नेमा छलफलहरू, बहसहरू भइरहेकै छ । त्यो खालको पटक पटक प्रयास, कोसिसहरू पनि भएको छ । तर त्यसले त्यो खालको गतिहरू लिन सकिरहेको छैन ।

अध्यक्ष महोदय, हामी तनहुँबासी गण्डकी प्रदेशका बासिन्दाहरू सबैको अथवा हामी सबै नेपालीको हितमा यो एकदम महत्त्वपूर्ण छ । म सरकारसँग अझै पनि माग गर्न चाहन्छु । अनुरोध गर्न चाहन्छु, आग्रह गर्न चाहन्छु कि शान्ति नायक गिरिजाप्रसाद कोइरालाको स्मृतिमा तनहुमा खोलिएको जीपी कोइराला स्वासप्रश्वास उपचार केन्द्रलाई एउटा ठूलो स्वास्थ्य विज्ञान प्रतिष्ठानका रूपमा, मेडिकल कलेजकै रूपमा यसलाई अविलम्बन यसलाई विस्तार गरियोस् भन्ने कुराको मैले माग गर्न चाहन्छु । त्यो प्रक्रियाहरू अगाडि बढाइयोस् । स्वासप्रस्वाससँग सम्बन्धित बिरामीहरू दिनानुदिन बढिरहेका छन् । महामारीको रूपमा बढ्ने विभिन्न आपत विपतहरू आइरहेकै छ, यससम्बन्धी विषयहरूमा । कोभिडको रूपमा पनि यसलाई हामी यसमा एउटा उत्कृष्ट नमुनाको रूपमा लान सकिन्थ्यो । त्यतिबेला पनि हामीले केही कोसिसहरू गरिएन । नेपालकै मध्य भागमा रहेको चितवन-बुटवलदेखि लिएर सबैतिरबाट पायक पर्ने अझ पोखराबाट त केही किलोमिटर पूर्वतिर रहेको यो पृथ्वी राजमार्गमै अवस्थित यस अस्पताललाई त्यसको खास उद्देश्यअनुसार यसले काम गर्न सकोस् । यसले आफ्नो लक्ष्य प्राप्त गर्न सकोस् । मेडिकल कलेजका रूपमा यसलाई अगाडि बढाइयोस् । स्वास्थ्य विज्ञान प्रतिष्ठाका रूपमा यसलाई अगाडि बढाइयोस् भन्न चाहन्छु । पोखरा अन्तर्राष्ट्रिय airport बनेपछाडि, चालु भएपछाडि अझै महत्त्व बढ्ने छ । दक्षिण एसियालगायत अन्य थुप्रै देशबाट अध्ययन अनुसन्धान गर्न धेरै मानिसहरू आउने सम्भावना पनि यहाँ छ । सरकारले यसमा प्रयास गरोस्, वातावरण तयार पारोस् । प्रयासहरू कहाँ किन अवरुद्ध भए समाधान खोजियोस् । सरकारलाई विशेष विशेष आग्रह, अनुरोध गर्न चाहन्छु । धन्यवाद । जय नेपाल ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, विशेष समयमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीं समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म राष्ट्रिय सभाका सचिव श्री राजेन्द्र फुयाललाई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "आर्थिक विधेयक, २०७९", "राष्ट्रिय ऋण उठाउने विधेयक, २०७९" र "ऋण तथा जमानत (पच्चिसौं संशोधन) विधेयक, २०७९" लाई सभासमक्ष टेबुल गर्न समय उपलब्ध गराउँछु ।

(राष्ट्रिय सभाका सचिव श्री राजेन्द्र फुयालले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "आर्थिक विधेयक, २०७९", "राष्ट्रिय ऋण उठाउने विधेयक, २०७९" र "ऋण तथा जमानत (पच्चिसौं संशोधन) विधेयक, २०७९" टेबुल गर्नुभएको ।)

माननीय सदस्यहरू, अब म माननीय सदस्यहरू, अब म माननीय स्वास्थ्य तथा जनसङ्ख्या राज्यमन्त्री भवानी प्रसाद खापुङलाई "कोभिड-१९ सङ्कट व्यवस्थापन विधेयक, २०७८ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु ।

**माननीय स्वास्थ्य तथा जनसङ्ख्या राज्यमन्त्री श्री भवानी प्रसाद खापुङः**- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले "कोभिड-१९ सङ्कट व्यवस्थापन विधेयक, २०७८ माथि विचार गरियोस्" भन्ने प्रस्ताव यस सभासमक्ष पेस गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, माननीय स्वास्थ्य तथा जनसङ्ख्या राज्यमन्त्री भवानी प्रसाद खापुङले प्रस्तुत गर्नुभएको "कोभिड-१९ सङ्कट व्यवस्थापन विधेयक, २०७८ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल प्रारम्भ हुन्छ । यस क्रममा विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने बेहोरा जानकारी गराउँछु । छलफलमा भाग लिन चाहनुहुने सदस्यहरूले आआफ्नो नाम अध्यक्षको ड्याससँगै बसेका सचिवालयका कर्मचारीहरूलाई उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु ।

माननीय डा. विमला राई पौडयाल । समय ३ मिनेट ।

**माननीय डा. विमला राई पौडयाल (मनोनीत)**:- सम्माननीय अध्यक्षज्यू, जहिले पनि काम ढिला गर्ने हाम्रो यो बाध्यता के भनौं हाम्रो नियति, कोभिड अब नियन्त्रण हुन लागेको छ । अनि कोभिडकै नाममा नयाँ बिल आएको छ । जब कोभिड उत्कर्षमा

थियो । त्यतिबेला विश्वका थुप्रै देशहरूले प्रक्रिया मिचेर भए पनि नयाँ विधेयक ल्याए । त्यो भर्चुयल मिटिङबाटै पनि नयाँ विधेयकहरू जारी गरे र कोभिडको राम्रोसँग व्यवस्थापन गरे । हामीले भने उहिलेको सङ्क्रामक रोग ऐनलाई नै टेकेर कोभिड व्यववस्थापन गऱ्यौं । अनि अहिले जब हामी सङ्क्रमणबाट पार पाइसकेको अवस्था आयो । अनि त्यसपछि विधेयक आएको छ । त्यो विधेयक पनि फेरि कोभिड-१९ कै नाममा आ'को छ । यसो परिभाषामा हेरेको फेरि सार्स भाइरसले गर्ने केही नाममा मात्रै केन्द्रित छ । हुनत कोभिड संसारमा फेरि पनि आउँला । त्यो अहिले पनि निर्मूल भइसकेको अवस्था छैन । त्यसले गर्दा यसको रेलिभेन्स छैन मैले भन्दिनँ, सान्दर्भिकता छ । तर कोभिडको नाम कोभिड जस्तै गरेर कोभिडको नामदेखि बाहेकको अर्को नाम कोभिड-१९ को कोभिड- २० आयो भने यो लागु हुने कि नहुने ? यो विधेयक काम लाग्ने कि नलाग्ने ? त्यो भएर मलाई लागेको यसलाई अलिकति ठुलो बनाउन सक्या भए राम्रो हुन्थ्यो । यस्तै प्रकृतिका, यस्तै प्रकृतिका कोभिड- १९ जसरी नै सर्ने, कोभिड-१९ जसरी नै संसारमा महामारी मच्चाउने खालका रोगहरूलाई समेत आउन सक्छन् भनेर त्यस्तालाई समेत समेट्ने गरिकन यो विधेयक आउछ भन्ने मैले आशा गरेको थिएँ । अहिले कोभिड- १९ मा मात्रै केन्द्रित भएर आएको रहेछ । मलाई एउटा त्यसमा अलिकति दुःख लाग्या छ । यो विधेयक आउन हुँदैन भन्ने पक्षमा म छैन । विधेयक आउनपर्छ । धेरै अगाडि आउनपर्थ्यो । तर यसलाई अलि ठुला बनाएर ल्याइनुपर्छ अब । किनभने अब फेरि मङ्की पक्स भन्ने आ'छ । त्यसको लागि छुट्टै विधेयक अनि अर्कोको लागि छुट्टै विधेयक गर्दै जाने कि एउटै नेचरकालाई एक ठाउँमा ल्याउने भन्ने कुरा हो ।

दोस्रो, कोभिडको बेलामा हामीले देख्यौं सङ्क्रामक रोग अहिले नेपाल सरकारलाई एकदमै ठुलो अधिकार दियो कि त्यतिबेला सङ्क्रामिक रोग भयो भनेदेखि जे आपतकालीन अवस्था सृजना गर्न सक्छ । हाम्रो नेपालमा त्यो राहत कसरी व्यवस्थापन गर्ने ? ट्राभल कसरी व्यवस्थापन गर्ने ? त्यतिबेलाको कसरी हामीले रोगको निदान गर्ने ? भन्ने खालको विषयमा खासै बोलेको थिएन । अहिले पनि त्यो विषयमा खासै छोएको देखिँदैन । त्यसले गर्दा यो कोभिडको यस्ता सङ्क्रामक रोगहरूको बारेमा विधेयक आउँदाखेरि चाहिँ राहत, उद्धार कस्ता खालका अत्यावश्यक सेवा भन्ने, कस्तालाई हामीले कसरी डिल गर्ने भन्ने खालको अलि इलाबोरेटिभ रूपमा आउनुपर्छ । त्यसमा हामी थुप्रै छलफल गर्नुपर्छ विधायन समितिमा जस्तो मलाई लाग्छ । we will do that. Thank you.

**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, "कोभिड- १९ सङ्कट व्यवस्थापन विधेयक, २०७८ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म माननीय स्वास्थ्य तथा जनसङ्ख्या राज्यमन्त्री भवानी प्रसाद खापुङलाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु ।

**माननीय स्वास्थ्य तथा जनसङ्ख्या राज्यमन्त्री श्री भवानी प्रसाद खापुङः**- सम्माननीय अध्यक्ष महोदय, कोभिड- १९ लाई कोभिड- १९ सङ्कटबाट व्यवस्थापन गर्न बनेको विधेयकलाई विचार गरियोस् भन्ने प्रस्तावमा माननीय सदस्यज्यूले प्रश्न उठाउनुभा' छ । म सर्वप्रथम के कुरा यहाँ आग्रह गर्न चाहन्छु भने कोभिड- १९ जुन सङ्कट हामीकहाँ आयो । र त्यसलाई व्यवस्थापन गर्नको लागि कानुनको आवश्यकता परेको हुनाले त्यतिबेला सदन नचलिरहेको बेलामा यसलाई अध्यादेशको रूपमा सरकारले ल्याएको थियो । र यसलाई निरन्तरता दिनको लागि यो अहिले प्रस्तुत गरिएको कुरा म यहाँ निवेदन गर्न चाहन्छु । र यसको साथै यसलाई व्यवस्थित गर्नको लागि दफावार छलफलको रूपमा माननीयज्यूहरूका प्रशस्तै सुझावहरूलाई यसलाई कसरी राम्रो बनाउन सकिन्छ भन्ने कुराहरू दफावार छलफलमा माननीय सदस्यज्यूहरूका सुझावलाई समेटेर अगाडि बढाउनुपर्छ भन्ने कुरासमेत राख्दै मेरो भनाइ अन्त्य गर्दछु, धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, "कोभिड- १९ सङ्कट व्यवस्थापन विधेयक, २०७८ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म "कोभिड- १९ सङ्कट व्यवस्थापन विधेयक, २०७८ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

- "हुन्छ" ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन । तसर्थ, "कोभिड- १९ सङ्कट व्यवस्थापन विधेयक, २०७८ माथि विचार गरियोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, "कोभिड- १९ सङ्कट व्यवस्थापन विधेयक, २०७८" माथि संशोधन प्रस्तावमाथि संशोधन प्रस्ताव राख्न चाहनुहुने माननीय सदस्यहरूले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १०६ बमोजिम राष्ट्रिय सभाअन्तर्गतको विधेयक शाखामा संशोधन प्रस्ताव दर्ता गर्न सक्नुहुने बेहोरा जानकारी गराउँदछु ।

माननीय सदस्यहरू, अब म माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री रेणुकुमारी यादवलाई "रेलवे विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु ।

**<u>माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री श्री रेणुकुमारी यादव</u>**ः- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले "रेलवे विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्ताव सभासमक्ष पेस गर्दछु, धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्यहरू, माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री रेणुकुमारी यादवले प्रस्तुत गर्नुभएको "रेलवे विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल प्रारम्भ हुन्छ । यस क्रममा विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने बेहोरा जानकारी गराउँछु । छलफलमा भाग लिन चाहनुहुने सदस्यहरूले आआफ्नो नाम अध्यक्षको ड्याससँगै बसेका सचिवालयका कर्मचारीहरूलाई उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु ।

माननीय गोपी बहादुर सार्की आछामी । समय ३ मिनेट ।

**माननीय श्री गोपी बहादुर सार्की आच्छामी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**ः- सम्माननीय अध्यक्ष महोदय, २०७० सालमा भारत सरकारले लगानी गर्ने गरी यो जनकपुर-जयनगर अहिले ३ किलोमिटर वर कुर्थासम्म यो ३६ किलोमिटर रेलवे बनिसकेको छ र त्यहाँ कानुनी केही अडचनको कारणले गर्दाखेरि आजसम्म त्यो सञ्चालनमा आउनलाई जटिलता भ'को बुझियो । हामी अनुगमनमा हाम्रो समितिको तर्फबाट २०७८/११/२४ मा जनकपुर रेलवेको अनुगमनमा गएका थियौं । र त्यहाँ कानुनको अभावले दुई, तीनटा समस्याहरू एउटा टिकट लिएर प्यासेन्जरहरू चढ्ने तर टिकट लिएर प्यासेन्जरहरू चढ्दाखेरि त्यहाँ टिकट नलिइकन पनि कतिपय प्यासेन्जरहरू चढ्दाखेरि कारबाही गर्ने व्यवस्था नभएको, मानव र चौपाया पशुपन्छीहरू त्यहाँ आवतजावत गर्दाखेरि दुर्घटना हुँदाखेरि त्यहाँ कानुनी व्यवधानको कारणले गर्दाखेरि त्यसलाई कसरी हल गर्ने भन्ने पनि नभएको र त्यहाँ प्राविधिक र अन्य जनशक्ति भर्नाको लागि पनि समस्या रहेको कारणले गर्दाखेरि यो कानुनी जटिलता थियो र आज माननीय मन्त्रीज्यूले यो सदनमा रेलवे विधेयक पेस गरिसकेपछि अब कानुनी जटिलता हल हुने र जनकपुर-जयनगर रेल सुचारु हुने मैले विश्वास लिएको छु । यसलाई म स्वागत गर्दै मेरो भनाइ अन्त्य गर्छु । हवस् त, अभिवादन ।

**सम्माननीय अध्यक्ष**ः- माननीय सदस्यहरू, "रेलवे विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीं समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री रेणुकुमारी यादवलाई छलफलमा उठेका प्रश्नको जवाफ दिन समय उपलब्ध गराउँछु ।

**माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री श्री रेणुकुमारी यादव**ः- सम्माननीय अध्यक्ष महोदय, निश्चित रूपमा रेलवे जयनगरदेखि जनकपुर कुर्था र १५ किलोमिटर अझ विजयपुरासम्मको तयारी भएको अवस्थामा रेल सञ्चालित भएको छ । केही कानुनी अवरोध भएको कारणले त्यो टिकटहरू, विनाटिकट चढ्ने किनभने स्टेसनहरूको अवस्था कस्तो छ भने त्यो टिकट काट्दा धेरै ठाउँमा ओपन भएको कारणले पनि हतारमा उनीहरू चढ्छन् । तर अहिले तत्कालै कानुन नभएको अवस्थामा पनि उसले आन्तरिक

चेक सिस्टम चेकिङ भइराखेको अवस्था छ । धेरैलाई समात्ने अवस्था छ । त्यो कुराहरू हुँदाहुँदै पनि कानुन भए अझ ठोस ढङ्गले त्यो कानुनी प्रावधान हुन्छ । मैले विगतको एउटा कुरा अवगत गराउन चाहें । ट्रेनमा विनाकानुनी कानुनको प्रावधान नभएको कारणले जथाभावी सामान पनि ल्याउने गरेको थियो । तर अहिले टाइट रूपमा अगाडि बढाएको छ । र त्यसै कारणले यो कानुन आवश्यक भएको कारणले यो विधेयक मैले पेस गरेका छु । यो बन्नेबित्तिकै मलाई लाग्छ कानुनी धेरै अवरोधहरू हटेर जान्छ ।

र यो रेलवे चलाउँदाखेरि म अलिकति अरू अवगत गराउन चाहें । अहिले दैनिक १५ सय प्यासेन्जरहरू आवतजावत गर्दाखेरि यो हाम्रो ठुलो एउटा उपलब्धि भएको छ । हिजो भर्खर हामी जुन भारत र नेपाल सरकारको तर्फबाट यो रेल चलेपछि अरू ट्रेन रमाइन सर्किट ट्रेन पनि हिजो आयो । चार सय, साढे चार सय प्यासेन्जर चढेर अहिले ..... बनेर आउँदाखेरि यो हाम्रो नेपालको लागि ठुलो उपलब्धि भएको छ । तर यो कानुन बन्नबित्तिकै हामी धेरै कुरा कन्ट्रोल गर्न सक्छ र कानुनी प्रावधानमा बाँधेर अगाडि बढ्यो भने हाम्रो देशको लागि ठुलो उपलब्धि हुन्छ । म यति भनेर अध्यक्ष महोदय आफ्नो जवाफ दिन प्रयास गरें, धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, "रेलवे विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफलमा यहीं समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म "रेलवे विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

- "हुन्छ" ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन । तसर्थ, "रेलवे विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, "रेलवे विधेयक, २०७९" माथि संशोधन प्रस्ताव राख्न चाहनुहुने माननीय सदस्यहरूले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १०६ बमोजिम राष्ट्रिय सभाअन्तर्गतको विधेयक शाखामा संशोधन प्रस्ताव दर्ता गर्न सक्नुहुने बेहोरा जानकारी गराउँछु ।

माननीय सदस्यहरू, आगामी बैठकमा विनियोजन विधेयक, २०७९ अन्तर्गत कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय; युवा तथा खेलकुद मन्त्रालय; श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय; वन तथा वातावरण मन्त्रालय; सहरी विकास मन्त्रालय; महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र कृषि तथा पशुपन्छी विकास मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका विभिन्न शीर्षकहरूमाथिको छलफलमा उठेका प्रश्नहरूको सम्बन्धित माननीय मन्त्रीहरूको जवाफ दिनुहुने बेहोरा जानकारी गराउँछु ।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०७९ साल असार १२ गते आइतवार बिहान ११:०० बजे बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, अर्को बैठक २०७९ साल असार १२ गते आइतवार बिहान ११:०० बजे बस्ने गरी यो बैठक स्थगित भयो ।)

**स्थगितः- १४:५६ बजे ।**